# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रौतामाई गाउँपालिका
## उदयपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रौतामाई गाउँपालिका

## उदयपुर

## आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रौतामाई गाउँपालिका

## उदयपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

**प.सं. २०८०।८१**
च.नं. ७८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
रौतामाई गाउँपालिका, रौतामाई गाउँ कार्यपालिकाको कार्यालय,
उदययपुर ।

१. **कैफियत सहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड १० लाख १२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४५ लाख २ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.९ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ३९ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ३५ लाख ५३ हजार समेत रु.१ करोड ६५ लाख १० हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड ४६ लाख १ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष रु.५ करोड ७२ लाख ७४ हजार फस्यौंट र सम्परीक्षणबाट रु.१ लाख वेरुजु कायम भई हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ३९ लाख ३७ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यसस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । यस गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**
**नायब महालेखापरीक्षक**

# रौतामाई गाउँपालिका, उदयपुर

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | ३२ | २१०१२ | ० | १४ | ४५०२ | ७७ | १८ | १६५१० | ९१८ | १३५५३ | २०३९ | ० | ० | १५५९२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | १०४६०१ | ० | ५७२७४ | ४७३२७ | १०० | १६५१० | ६३९३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | २०७९।८० | ५ | ऋणात्मक मौज्दातको प्रमाण पेश | ५३८५१३.५ |
| २ | २०७९।८० | ४१ | कर विवरणको प्रमाण पेश | ४८६५७४.५८ |
| ३ | २०७९।८० | ४६ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ११९००० |
| ४ | २०७९।८० | ५४ | कर असुल भएको प्रमाण पेश | १७२३२ |
| ५ | २०७९।८० | ७७ | नियमित भएको प्रमाण पेश | ९६३६०७ |
| ६ | २०७९।८० | ७८ | नियमित भएको प्रमाण पेश | ९६३६०७ |
| ७ | २०७९।८० | ८३ | विमा वापतको प्रमाण पेश | ५६३६१६.०६ |
| ८ | २०७९।८० | ८६ | कार्य सम्पन्न प्रमाण पेश | ८००६६३ |
| ९ | २०७९।८० | ९५ | बढी भुक्तानी असुलीको प्रमाण पेश | २२१८५.९ |
| १० | २०७९।८० | ९८ | बढी भुक्तानी असुलीको प्रमाण पेश | २७००० |
| चालु वर्षको जम्मा | | | | ४५०१९९९.०४ |
| १ | २०७८।७९ | १६ | नमुना विद्यालयको प्रमाण पेश | १६५९०८३ |
| २ | २०७८।७९ | १९ | कर समायोजन विवरण पेश | ३३५४५५ |
| ३ | २०७८।७९ | २१ | फेश्की फस्योंट भएको प्रमाण पेश | ८५००० |
| ४ | २०७८।७९ | २२ | फेश्की फस्योंट भएको प्रमाण पेश | २८००००० |
| ५ | २०७८।७९ | ४४ | नियमित भएको प्रमाण पेश | १५०००० |
| ६ | २०७८।७९ | ४६ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ५०८५८ |
| ७ | २०७८।७९ | ४९ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | २४००० |
| ८ | २०७८।७९ | ५० | बढी भुक्तानी असुल भएको प्रमाण पेश | १२६००० |
| ९ | २०८१।२।१ | ५१ | दिवा खाजाको प्रमाण पेश | ८९४२२५० |
| १० | २०७८।७९ | ५३ | नियमित भएको प्रमाण पेश | ३४६२०० |
| ११ | २०७८।७९ | ६० | कार्य सम्पन्न प्रमाण पेश | ६०३०००० |
| १२ | २०७८।७९ | ६२ | नियमित भएको प्रमाण पेश | १५७४७३८ |
| १३ | २०७८।७९ | ६७ | नियमित भएको प्रमाण पेश | ६०३६९९७.५ |
| १४ | २०७८।७९ | ६८.१ | फेश्की फस्योंट भएको प्रमाण पेश | ३२००००० |
| १५ | २०७८।७९ | ६८.२ | फेश्की फस्योंट भएको प्रमाण पेश | ४६९००० |
| १६ | २०७८।७९ | ७१ | नियमित भएको प्रमाण पेश | १६६१४००० |
| १७ | २०७८।७९ | ७३ | नियमित भएको प्रमाण पेश | ७१४००० |
| १८ | २०७७।७८(२०८१।२।१) | २६ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ६९७१० |

| | | | | |
|---|---|---|---|---|
| १९ | २०७७।७८(२०८१।२।१) | ३१ | जिन्सी आम्दानी भएको प्रमाण पेश | ३८०६०४ |
| २० | २०७७।७८(२०८१।२।१) | ३३ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ७२४७४२ |
| २१ | २०७७।७८(२०८१।२।१) | ३४ | वितरणको भरपाईको प्रमाण पेश | ८०५६१९. |
| २२ | २०७७।७८(२०८१।२।१) | ३५ | नियमित भएको प्रमाण पेश | ८३६००० |
| २३ | २०७७।७८(२०८१।२।१) | ३६ | नियमित भएको प्रमाण पेश | ६९६००० |
| २४ | २०७७।७८(२०८१।२।१) | ४२ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ११३३७३ |
| २५ | २०७७।७८(२०८१।१।३१र २।१) | ६० | फेश्की फस्यौंट भएको प्रमाण पेश | ४४९०२५५ |
| **गत विगतको जम्मा** | | | | **५७२७३८८५** |
| **कुल जम्मा** | | | | **६१७७५८८३.५४** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१ **(क) रौतामाई गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा र क्षेत्रफल २०४.०८ वर्ग किलोमिटर तथा २०३३४ जनसंख्या रहेको छ । ४५७२ घरपरिवार संख्या रहेको यस पालिकाको साक्षरता दर ७४.६ प्रतिशत रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८। २४ देखि २०८०।८।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु.४५०७८७७०८, राजश्वतर्फ रु.८६२७०२९२, वित्तिय हस्तान्तरणतर्फ रु.९८५९८३५६ र अन्य कारोबारसमेत जम्मा रु.७२९३९९७३९.२८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

**(ज) सेवा प्रवाह विवरण -** पालिकाबाट यस आर्थिक वर्षमा सम्पादन भएको सेवा प्रवाह विवरण निम्नानुसार छ ।

| क स | विवरण | सेवा प्राप्त गर्नेको निवेदन | सिफारिश संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिश | १२०१ | १२०१ |
| २ | घरबाटो सिफारिस | २२६ | २२६ |
| ३ | नाता प्रमाणित | ४१७ | ४१७ |
| ४ | जन्म मृत्य दर्ता | १५४४ | १५४४ |
| ५ | अन्य | ७१८४ | ७१८४ |

**(झ) लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा राजस्व दाखिल गर्न बाँकी रकम रु.६२३३० असुली भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.१४५९६९३।५०, यस वर्षको प्राप्ति रु.१२०६९४२६१।७३, यस वर्षको भुक्तानी रु.११७६०११५६।७६र बैङ्क मौज्दात रु.१२०१२४१।४७ फरक परेको छ । एकिकृत आर्थिक विवरण र मलेपफा नं २७२ मा मौज्दात फरक सम्बन्धमा स्पष्ट गरी पेश गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ८२०३५९१४.९९ | ५२८१२९२५६.०६ | ५७८६६०६५८.८९ | ३१९३६६८२.१६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८०५७६२२१.४९ | ६४८८२३५१७.७९ | ६९६२६१८१५.६५ | ३३१३७९२३.६३ |
| **फरक** | **१४५९६९३.५०** | **-१२०६९४२६१.७३** | **-११७६०११५६.७६** | **-१२०१२४१.४७** |

सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६७४४९३५९।४३ मौज्दात रहेकोमा यो वर्ष रु.८०५७६२२१.४९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१३१२६८६२।०६ बढी जिम्मेवारी विवरण सम्बन्धमा यकिन गरी लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यहोरा औंल्याईएकोमा बढी हुनुको कारणमा कर्मचारी कल्याण कोषको रु.२० लाख सहित वर्षान्तपछी सारिएको पूँजीगत खर्च खाता र राजस्व बाँडफाँड खाताका फरकका कारण रहेको पुष्टयाई पेश गरेको छ ।

सैद्धान्तिक बेरुजु

४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ताभन्दा बैंकमा रु.४३७१४९ न्यून मौज्दात देखिएको सम्बन्धमा कार्यालयले रु.४१५०४८८।१४ बर्षान्तपश्चात सञ्चित कोष फिर्ता गरेबाट रु.३८९० फरक परेको छ । उक्त रकमलाई पालिकाले आर्थिक विवरणमा आम्दानी बाँध्न छुट उल्लेख गरी हिसाब मिलान गरेको छ । नियमित रुपमा श्रेस्ता र बैक हिसाब मिलान गरी पालिकाको कारोबारलाई व्यवस्थित गर्नुपर्दछ ।

| **खाता** | **श्रेस्ता** | **बैंक** | **फरक** |
|---|---|---|---|
| ग २.२ चालू खर्च खाता- जोर वर्ष | -३६५५००. | ११६९००५ | १५३४५०५ |
| ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | २९७७५९३ | २९७७५९३ |
| ग २.७ विविध खर्च खाता | ७४३७११.२८ | ०. | -७४३७११ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ११८०७८१९.५४ | ११८०७८१९.५४ | ० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १९३८५१५१.३४ | १५१७९६१५.९५ | -४२०५५३५ |
| ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| **जम्मा** | **३१५७११८२.१६** | **३११३४०३३.६३** | **-४३७१४९** |

सैद्धान्तिक बेरुजु

५ **विविध खाता**

...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.५३८,५१३.५।- सम्परीक्षण गरिएको ।)

६ **ऋणात्मक खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले खर्चको लेखांकन र समायोजन समयमा नगरेको तथा सुत्र प्रणालीमा प्रविष्ट भैसकेको कारोबारलाई वर्षान्तपछी शुन्य मौज्दात गर्ने क्रममा भएको दाखिला र भुक्तानी विवरण अद्यावधिक नगरेका कारण चालु खर्च खातामा विनियोजन गरेभन्दा रु.३६५००० बढी अर्थात खर्च खाता ऋणात्मक देखिएको छ । खर्च खाता ऋणात्मक देखिएको सम्बन्धमा कारोबार यकिन गरी पेश गर्नुपर्ने व्यहोरा औंल्याईएकोमा समायोजन भौचर नं ४२७।३।२० प्रमाणको रुपमा पेश गरेको छ ।

सैद्धान्तिक बेरुजु

७ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२७३००५.७८ देखाएकोमा आर्थिक वर्ष समाप्त भएपश्चात दाखिला गरेको विवरण पेश भएको छ । यकिन भई सकेको कर दायित्व समयमै दाखिला गरी आर्थिक कारोवारलाई व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५४ लाख १५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६१ लाख ३६ हजार अर्थात अनुमान भन्दा १३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय बृद्धि गर्नेतर्फ पालिका थप क्रियाशिल बन्नुपर्दछ ।

| क स | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३२१ - वहाल कर | ५००००. | २३०००. | ४६.०% |
| २ | ११६९१ - अन्य कर | १६६५०००. | २४९५०९०.६७ | १४९.९% |
| ३ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६१५०००. | ५७८४२०. | ९४.१% |
| ४ | १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ० | ०.०% |
| ५ | १४२४२ - नक्सापास दस्तुर | ५००००. | ५००००. | १००.०% |
| ६ | १४२४३ - सिफारिश दस्तुर | ६५०००. | ६५०००. | १००.०% |
| ७ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००. | १०००००. | १००.०% |
| ८ | १४२४५ - नाता प्रमाणित दस्तुर | १२००००. | १२००००. | १००.०% |
| ९ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०००००. | ३०००००. | १००.०% |
| १० | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ३५००००. | ३४१८१८. | ९७.७% |

| | | | | |
|---|---|---|---|---|
| ११ | १४५२९ - अन्य राजस्व | २१०००००. | २०६२३८८.२ | ९८.२% |
| **जम्मा** | | **५४१५०००.** | **६१३५७१६.८७** | **११३.३%** |

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ९९७१५००० | ६१३५७१६.८७ | ६.१५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षक अन्तर्गत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि नं | शिर्षक | विवरण | लक्ष्य | असुलीरकम | असुलीप्रतिशत |
|---|---|---|---|---|---|
| १ | १४१५९ | डिभिजन बन कार्यालयबाट प्राप्त र | १०००००० | ३७४५२. | ३.७५ |
| २ | १४५२१ | सिमेन्ट कारखानाले दिएको प्रदुषण नियन्त्रण शुल्क त्रियुगा नगरपालिकाबाट प्राप्त | १०००००० | ३४१८१८. | ३४.१८ |
| ३ | ११३२१ | पालिकाबाट कट्टागरिएको घर बहालकर | १००००० | १९९४०. | १९.९४ |
| ४ | १४२४९ | JCB को आम्दानी | ६००००० | ५७८४२०. | ९६.४० |
| ५ | १४५२९ | आन्तरिक राजश्व | १४००००० | ३००००००. | २१४.२९ |
| ६ | १४२२९ | आन्तरिक राजश्व खाताको थप | १०००००० | १८८३१५०.६७ | १८८.३२ |
| ७ | १४२४४३ | आ.व.२०७९।८० को आन्तरिक राजश्व | ४००००० | ३५९९३६.२ | ८९.९८ |
| **जम्मा** | | | **५५०००००** | **६२२०७१६.८७** | **११३.१०** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१९ मा रु.६१ करोड ४६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वजेट विनियोजन गरेको छ।

| **रु.१ लाख सम्म** | | **रु. १ लाख देखि २ लाख सम्म** | | **रु. २ लाख देखि ५ लाख सम्म** | | **रु. ५ लाख देखि १० लाख सम्मका** | | **रु. १० लाख भन्दा बढीको** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | |
| ६२ | ३३६४७४८ | १२९ | १७७३२८१५ | ६८ | २४८६१४९७ | ३० | २४१०९७९३ | २८ | ८२२३६०७९.५० | १५२३०४९३३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको र ३९ योजना कार्यान्वयनमा नगएको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ३८४ | ३९ | ३ | ४ | ११ |

सैद्धान्तिक बेरुजु

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | ४६५०१५१४ | ३८८०३१३० | ८३.४४ |
| सामाजिकक्षेत्र | २८२७५४३१३ | २६३१९४००४.१७ | ९३.०८ |
| पूर्वाधारविकास क्षेत्र | २०७०५६०५१.५ | १७५७४०५०८. | ८४.८७ |
| वातावरणतथा विपद् व्यवस्थापन | ५०६२६००. | ३३०६२४४. | ६५.३ |
| संस्थागतविकास र सेवाप्रवाह | ९९११०००. | ८२९०१५२.६ | ८३.६५ |
| वित्तीयव्यवस्थापन र सुशासन | २००००००. | १९९७४१९. | ९८.७२ |
| कार्यसञ्चालनतथा प्रशासनिक खर्च | ९९५७६१५५. | ८२६२६२२५.९ | ८२.९७ |
| **जम्मा** | **६५२८६१६३३.५** | **५७३९५७६८३.६७** | **८७.९१** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये वित्तिय व्यवस्थापन र सुशासनमा सबैभन्दा बढी ९८.७२ प्रतशित र वातावरण तथा वपिद व्यवस्थापनमा सबै भन्दा घटीमा ६५.३ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१९ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.६१३५७१६.८७ राजस्व बाँडफाँडबाट रु.८००४९५७५ र अनुदानबाट रु.१०४७३४८८३ समेत रु.१९०९२०१७४।८७ आम्दानी भएकोमा चालुतर्फ रु.३५५०९३६४५.४२ र पूँजिगततर्फ रु.२१८६४०८८५ र वित्तीय ब्यबस्थातर्फ रु.९८५९८३५६ समेत रु.६७२३३२८८६।४२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६२,४२,०००.०० खर्च भएको छ, जुन आन्तरिक आयको १०१.७३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकम मध्ये रु.५३७०५८००० ६६.१२ प्रतशित चालु र ४०.७१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| समानीकरण अनुदन | ६९५१७ | ९६ | ४३३६ | २४५६२ | ४०५२३ | १४६५२ |
| आन्तरिक श्रोत | ६०४५१ | २६४२६ | १८४१ | १५८२२ | १६३६२ | ५६१६ |
| राजस्व बाँडफाँड | १९४६ | ० | १०० | ० | १८४६ | १२२३ |
| संघीय सशर्त अनुदान | ४२१९० | ७८० | १३३८० | १२६६९ | १५३६१ | ६१२६ |
| संघीय समपुरक | २६३९९ | ० | ० | ४६८५ | २१७१४ | १६४६६ |
| संघीय विशेष | ९४२२ | ० | ० | २२७४ | ७१४८ | ३८०६ |
| प्रदेश सशर्त अनुदान | ३९२३ | ० | १०८० | ९० | २७५३ | ८५७ |
| प्रदेश समपुरक | ३९७७ | ० | ० | १२४ | ३८५३ | २३५९ |
| प्रदेश समानिकरण | ८१५ | ० | ५९६ | ० | २१९ | १०९ |
| **जम्मा** | २१८६४० | **२७३०२** | **२१३३३** | **६०२२६** | **१०९७७९** | **५१२१४** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु २१ करोड ८६ लाख निकासा भएकोमा प्रथम त्रैमासिकमा १२.४८ प्रतिशत, दोस्रो त्रैमासिकमा ९.७६ प्रतिशत, तेस्रो त्रैमासिकमा २७.५४ प्रतिशत र चौथो त्रैमासिकमा ५०.२० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २३.४२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **भुक्तानी बाँकी प्रमाणित -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) आन्तरिक लेखापरीक्षकबाट २० योजनाको रु.२०५१७१७१ बराबरको प्रमाणित गरी राखेकोमध्ये संघीय एवं प्रदेश श्रोत प्राप्त नभएको कारण समानीकरण अनुदानबाट बजेटमा ९ योजना समावेश गरी भुक्तानी दिएको छ ।साथै, निम्नानुसारका गत विगतका योजना तथा कार्यक्रममा गत पालिकाले संघ र प्रदेशबाट

प्राप्त सशर्त अनुदान अन्तर्गत सञ्चालित योजनाको भुक्तानी दिन बाँकिको कच्चाबारी सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्ने र सोहि आधारमा मात्रै भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

| सि नं | कार्यक्रम/ शिर्षक /योजना | रकम |
|---|---|---|
| १ | खारीखोला खानेपानी आपुर्ती रौतामाई २ (प्रदेश समपुरक अनुदान) | ४०७७०६८. |
| २ | डिल्लिबर धोप खोला खाने पानी योजना | १६१८६६८. |
| ३ | विधालय कक्षा कोठा अनुदन (२कोठे तथा ४ कोठे भवन (नामन्ता) | १४४००००. |
| ४ | विधालय कक्षा कोठा अनुदन (२कोठे तथा ४ कोठे भवन (छेचुवा) | १४२२९०७. |
| ५ | लाफागाँउ खाने पानी | २१९९२५१. |
| ६ | सिंहकाली आ.वि. घेराबेरा (प्रदेश सरकार) | २४३७१७. |
| ७ | खारीखोला खानेपानी स्किम दुई | १६२०५०२. |
| ८ | भुट्टार सालथुम्का लाफागाउँ सोरुखु सडक | ३९७८१०. |
| ९ | ढाँडखेत ज्याब्रीटार ट्रस झोलुङ्गे पुल | ९९०८४२. |
| १० | ढाँडखेत ज्याब्रीटार ट्रस झोलुङ्गे पुल स्टिल पार्टस फेब्रिकेटेड खरिद | १६१८६५५. |
| जम्मा | | **१५६२९४२०.** |
| ११ | आधारभुत स्वास्थ्यचौकी ट्रस | ४९३०४८. |
| १२ | चौतारा चितम्पा रानिबास सल्ले | ९२०७०९. |
| १३ | शिब मन्दिर बाँजाचौरी निर्माण | ९५७४८. |
| १४ | शिब मन्दिर बाँजाचौरी निर्माण | १०८४७७. |
| १५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र लाफागाँउ ट्रस निर्माण | ४६४२८०. |
| १६ | भुट्टार लाफागाँउ सडक स्तरोन्नती | ३९३१३८. |
| १७ | मुर्कुची नाली सरसफाई फोहोर व्यबस्थापन | ४८०००. |
| १८ | वडा कार्यालय भवन दोश्रो तला प्लास्टर कोर मसिनो तथा बिधुत वायरिङ्ग वडा नं. ६ | ३२५९०९. |
| १९ | खानेपानी पाईप खरिद | ९२४२२७. |
| २० | सभा संचालन खर्च | ११७५५५. |
| २१ | बिभिन्न खोलाहरु (राकुली त्रियुगा, छौडिया रसुवा | ९९६६६०. |
| | खारी तथा अन्य खोलाहरुको प्रारम्भिक वातावरण परिक्षण आई.इ.इ.) | |
| **जम्मा** | | **२०५१७१७१.** |

सैद्धान्तिक बेरुजु

२२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.४५५७३४० भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क स | पद तह | संख्या | यस वर्ष तलबभत्तामा भएको खर्च रकम |
|---|---|---|---|
| १ | सब ईन्जिनियर | १ | ४५१४९० |
| २ | कम्प्युटर अपरेटर | १ | ४५१४९० |
| ३ | स. कम्प्युटर अपरेटर | २ | ७६२४५० |
| ४ | अमिन | १ | ४०६१९८ |
| ५ | ल्याब असिस्टेन्ट | १ | २८४०५० |
| ६ | सामाजिक परिचालक | ५ | १५९३९०० |
| ७ | पशु सेवा प्राविधिक | २ | ६०७७६२ |
| **जम्मा** | | **१३** | **४५५७३४०** |

यस सम्बन्धमा कार्यालयले रिक्त दरवन्दी पदपूर्तीका लागि माग गरी पठाईएको र कार्यालयमा दरवन्दी संरचनाभन्दा कम संख्यामा कर्मचारी राखिएको, अति आवश्यक र सेवा प्रवाहका लागि नभई नहुने कर्मचारीलाई मात्रै करारमा राखि परिचालन गरिएको जनाएको छ ।

| अनियमित भएको | ४५,५७,३४० |
|---|---|

२३ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ २७ कर्मचारीको रु.१७७८५४१०, शिक्षातर्फ १०७ शिक्षकहरुको रु.१२४४८२८१ र पालिकाका २५ कर्मचारीको रु.१५२७४७०३ समेत रु.४५५०८३९४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई राखिएको र अन्यको हकमा सम्बन्धितलाई अनुरोध गर्दा समेत गराउन नसकिएको जनाएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको

खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१ करोड ८६ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको ५ मध्ये ४ फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उदेश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्न छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।
- पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।
- खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।
- पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन ।

- एकीकृत आर्थिक तथा वर्गीकरण र व्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ६ वटा नियमावली, ४७ कार्यविधि लगायत ७९ वटा कानुन निर्माण गरेको विवरण पेश गरेको छ । निर्माण भएका कानून कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कार्यसञ्चालन पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकामा आर्थिक वर्षको अन्त्यसम्म बाँकी कार्यसञ्चालन पेश्कीको विवरण निम्नानुसार रहेको विवरण पेश भएको छ । कार्यसञ्चालन पेश्की सम्बन्धमा खरिद सम्झौताको म्याद थप भएको कारण पेश्कीको म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्योंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| विवरण | पेश्की बाँकी | जम्मा |
|---|---|---|
| मोविलाइजेसन | वि एण्ड वि स्टार स्टार कन्स्ट्रक्सन | ६९९०००.०० |
| मोविलाइजेसन | आर.एण्ड सि .एस - बि को न जे. भी . | २८४०००००.०० |
| **जम्मा** | | २९०९९००० |

सैद्धान्तिक बेरुजु

२९ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले वडातर्फका गत विगत वर्षको मौज्दात र यस वर्ष खरिद भएका समानहरुको एकिकृत रुपमा PAMS मा अद्यावधिक गरेको पाईएन । कार्यालयले वडा कार्यालयतर्फका खर्च भएर जाने सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मर्मत गर्नुपर्ने सामाग्रीहरुको ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामानहरुको ६ महिना भित्र लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।
- 

सैद्धान्तिक बेरुजु

३० **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने र नियमावलीको परिच्छेद १० मा जिन्सी संरक्षण र परिचालन सम्बन्धि व्यवस्थामा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ ।

रु हजारमा

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | उल्लेख नभएको | उल्लेख नभएको | उल्लेख नभएको | जिन्सी निरिक्षण प्रतिवेदनमा नखुलाइएको |
| १. एम्बुलेन्स रु | उल्लेख नभएको | १ | १०१२ | |
| २. मोटरु साइकल | | २५ | ३६४९ | |
| ३. कार | | १ | उल्लेख नभएको | |
| ४. अन्य कार जीप | | १ | ४४३० | |
| ५. पिकअप | | १ | ३६०२ | |
| ६. मोबाइल भ्यान | | १ | ३७७३ | |
| १. ब्याक हो लोडर | उल्लेख नभएको | १ | ४१९० | |
| २. दमकल | | १ | ४९४० | |
| | | | | |
| १. ट्रयाक्टर | उल्लेख नभएको | १ | १६५० | चल्तीमा नरहेको |

सैद्धान्तिक बेरुजु

३१ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बार्षिक जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेता पनि कतिपय सामाग्रिको मुल्य अविश्वासनिय देखिएकोले (पुस्तक ९ पिसको रु.७८६०८९८) पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले डि.पि.आर प्रतिवेदनलाई भुलवस पुस्तकको रुपमा दाखिला गरिएको र आगामी दिनमा भुल सुधार गरिने जनाएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **पालिकामा शिक्षक काज -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । कार्यपालिकाको मिति २०७९।१०।३ को निर्णयानुसार रौतामाई गाउँपालिकामा श्रोत व्यक्तिका रुपमा शिक्षकलाई पालिकाले थप करार गरी कामकाज गराएको नियमसम्मत नदेखिएको रु

| क स | शिक्षक | विद्यालय | तलव मासिक | फागुन पश्चात वर्षान्तसम्मको तलव |
|---|---|---|---|---|
| १ | माधव व रावत | श्री दावा धेछेन आवी | ३२९०२ | १६४५१० |
| २ | देविन्द्र ब राय | श्री रौता जनता मावि | ३४७३० | १७३६५० |
| जम्मा | | | | ३३८१६० |

लेखापरीक्षण अवधिसम्म समेत निजहरु पालिकामा नै काजमा रहेको जानकारी प्राप्त भएकोले सम्बन्धित विद्यालयमा निजहरुको गैर उपस्थितिमा अन्य शिक्षकलाई तलव भत्ता भुक्तानी नभएको यकिन गर्नुपर्दछ । कर्मचारी र शिक्षकको कार्यप्रकृति तथा नियुक्ति प्रयोजन फरक हुने हुँदा जनशक्ति भर्ना र नियुक्तिका शर्त बमोजिम परिचालन गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| अनियमित भएको | ३,३८,१६० |
|---|---|

३३ **ठेक्का अभिलेखः -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७९३९८५५६, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१४२०००००, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४९९९८०० समेत जम्मा रु.९८५९८३५६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६६२००७९२१ | ५२८१२९२५६.०६ | | ५२८१२९२५६.०६ | ४७५८४९७६२.७८ | | ४७५८४९७६२.७८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६५२८६१६३३.५ | ५२१७७२०५७.५१ | ० | ५२१७७२०५७.५१ | ४७०१०४८८०.७८ | ० | ४७०१०४८८०.७८ |
| ११००० कर | ११ | १०४४९३३३० | ८६५६७६६५.५४ | ० | ८६५६७६६५.५४ | ७९१९१४२३.९ | ० | ७९१९१४२३.९ |
| १३००० अनुदान | | ४७१६०६३७१ | ४२८९१४९२६.७७ | ० | ४२८९१४९२६.७७ | ३८६८४०४५३.८३ | ० | ३८६८४०४५३.८३ |
| संघीय सरकार | १२ | ४४८२६८३७१ | ४१३२३५६७३.७७ | ० | ४१३२३५६७३.७७ | ३७३८०२०६२.८३ | ० | ३७३८०२०६२.८३ |
| प्रदेश सरकार | १२ | २३३३८००० | १५६७९२५३ | ० | १५६७९२५३ | १३०३८३९१ | ० | १३०३८३९१ |
| १४००० अन्य राजस्व | | ५४७१६५५ | ६२०४४६५.२ | ० | ६२०४४६५.२ | ४०७३००३.०५ | ० | ४०७३००३.०५ |
| १५००० विविध प्राप्ति | | ८५,०००.०० | ८५,०००.०० | ० | ८५,०००.०० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ७१२०५२७७.५ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ९१४६२८७.५ | ६३५७१९८.५५ | | ६३५७१९८.५५ | ५७४४८८२ | | ५७४४८८२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | २८२३०० | ० | २८२३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | ९१४६२८७.५ | ४९,२५०.०० | ० | ४९,२५०.०० | १७७६००० | ० | १७७६००० |
| धरौटी | | ० | ६३०७९४८.५५ | ० | ६३०७९४८.५५ | ३६८६५८२ | ० | ३६८६५८२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६६२००७९२१ | ५७८६६०६५८.८९ | | ५७८६६०६५८.८९ | ४७१८१२८२१.३४ | | ४७१८१२८२१.३४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६५२८६१६३३.५ | ५७३९५७६८३.६७ | | ५७३९५७६८३.६७ | ४६८८५१९४६.३४ | | ४६८८५१९४६.३४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०८९५०००० | १९६१७१५९५.५९ | ० | १९६१७१५९५.५९ | १६९२६५६४५.२१ | ० | १६९२६५६४५.२१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२२३८२३९३ | ९८६९७५०१ | ० | ९८६९७५०१ | ७७४००७७३.९ | ० | ७७४००७७३.९ |
| २६००० अनुदान | १८ | ४९०२३००० | ४७२०५९९०.०८ | ० | ४७२०५९९०.०८ | ४६८५९५३४.२३ | ० | ४६८५९५३४.२३ |
| २७००० सामाजिक सुरक्षा | १८ | १३४३९९३७ | १२६३२९१२ | ० | १२६३२९१२ | ५६६८४७६ | ० | ५६६८४७६ |
| २८००० अन्य खर्च | १८ | ११००००० | ६०८८०० | ० | ६०८८०० | ८७१७०८ | ० | ८७१७०८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५७९६६३०३.५ | २१८६४०८८५ | ० | २१८६४०८८५ | १६८७८५८०९ | ० | १६८७८५८०९ |
| घ. अन्य भूक्तानी | | ९१४६२८७.५ | ४७०२९७५.२२ | | ४७०२९७५.२२ | ४७१८१२८२१.३४ | | ४७१८१२८२१.३४ |
| कोषहरु | | ९१४६२८७.५ | ३१६०१३३ | ० | ३१६०१३३ | १७४४७७५ | ० | १७४४७७५ |
| धरौटी | | ० | १८१५८४८ | ० | १८१५८४८ | १२१६१०० | ० | १२१६१०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२७३००५.७८ | | -२७३००५.७८ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | -५०५३१४०२.८३ | | -५०५३१४०२.८३ | ४०३६९४१.४४ | | ४०३६९४१.४४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८२०३५९१४.९९ | | ८२०३५९१४.९९ | ६३४१२४१७.९९ | | ६३४१२४१७.९९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३१५०४५१२.१६ | | ३१५०४५१२.१६ | ६७४४९३५९.४३ | | ६७४४९३५९.४३ |
| बैंक तथा नगद बाकी | २४ | | ३१५७११८२.१६ | | ३१५७११८२.१६ | ६७४४९३५९.४३ | | ६७४४९३५९.४३ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेकोमा १० चालु अवस्थामा रहेको जानकारी दिएको छ । पालिका

भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी, पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश नभएकोले ३२ सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । सो मध्ये सुन्तला जात फलफुल विकास सहकारी संस्था लिमिटेडको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेकोमा पालिकाले ३ सदस्यीय समिति गठन गरेको र उक्त समितिले छानविन गरि युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट प्राप्त रु ३० लाख परिचालन सम्बन्धमा लगानीको हिसाब चुस्त दुरुस्त नभएको व्यहोरासहितको प्रतिवेदन समावेश गरी आवश्यक कागजात अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय ईटहरीमा पठाएको छ । ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| विद्यालयको नाम | वडा | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | अनुदान उमाशि | राहत | प्राविधिक धार | अस्थायी/लियन | रिक्त दरबन्दी | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विभिन्न ६० | विभिन्न | ५२ | १०७ | ७ | ९५ | ८ | १९ | ० | २८८ | ७५ | ६०१५ |

सैद्धान्तिक बेरुजु

३८ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा गत वर्ष ५० थान र यस वर्ष २१९ थान को रु.१९७१०० को खरिद गरेकोमा गत वर्ष २३० जना र यस वर्ष १९० जना गरी ४२० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ७९ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **दिवा खाजा -** पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ६ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.११.१ अनुसार ६० वटा विद्यालयको खातामा रु.९०५१०७५ निकासा खर्च लेखेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रावधान बमोजिम प्रति विद्यार्थी प्रति हाजिरी दिन रु.१५ का दरले बर्षको १८० हाजिरी दिन सामुदायिक विद्यायलका कक्षा ६ सम्मका विद्यार्थीलाई यस्तो कार्यक्रम बापत रकम उपलब्ध गराउन सकिने छ। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी हेर्दा केहि विद्यालयहरुको अवस्था निम्नानुसार देखिएको छः

| क स | विद्यालयको नाम | दिवा खाजा बापतको रकम | कैफियत |
|---|---|---|---|
| १. | कालिका देवी मा वि कालीमाटी | २२५२२५ | विद्यार्थीको हाजिरीको प्रमाणित प्रतिलिपी नभएको ।<br>नयाँ फर्म्याटमा हा हा हा लेखी प्रमाणितगरेको ।<br>सबै विद्यार्थिको पुरै दिन उपस्थिति देखाएको। |
| २. | नवज्योति आ वि राजाबास | १४७,१५० | दिवा खाजा खर्चको पुष्टयाईं गर्ने कुनैपनि कागज नभएकोमा छलफलमा पेश भएको |
| **जम्मा रु** | | **३७२३७५** | |

अतः उपरोक्त बमोजिमको अवस्था अन्य विद्यालयमा समेत हुन सक्ने हुँदा यस्तो खर्चको पुष्टयाईं गर्ने कागजात प्राप्त गरी पालिकाको अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **अकबरे खुर्सानी -** प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत पालिकाले भौ.नं. १५- २०८०/०३/२३ बाट प्रगतिशिल कृषि सहकारी संस्था लिमिटेडमार्फत लागत अनुमान रु.१४७०७३५ मध्ये पालिकाको रु.१० लाख सहभागिता अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको छ । मिति २०८०।१।५ मा सम्झौता भएकोमा सामाग्री बुझ्ने २३ जनामध्ये ८ जना सहकारीका सदस्यले बुझेको देखिएको छ । साथै संघर्ष कृषि फर्मलाई रु.१ लाख ५० हजार भुक्तानी दिएको देखिएबाट यसप्रकारका सञ्चालित कार्यक्रम नियमितरुपमा चालु अवस्थामा रहेको र एक पालिका एक उत्पादन प्रवर्द्धन भएको सुनिश्चित गर्नका लागि निरन्तर अनुगमन मूल्यांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **कर विवरण**

.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रु.**४८६,५७४.५८**।- सम्परीक्षण गरिएको ।)

४२ **विध्यालयमा इन्टरनेट जडान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१०मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयमा इन्टरनेट जडान तथा संचालन शीर्षकमा प्रति विद्यालय रु १२००० दरले रकम उपलब्ध गराउन सकिने ब्यवस्था उल्लेख गरिएको

छ।जसअनुसार पालिका अन्तर्गतका ६० वटा विद्यालयका लागि पालिकाले इन्टरनेट जडान शुल्क बापत रु.६३५००० भुक्तानी गरेको छ। विद्यालयले त्यस्तो खर्चको विलभर्पाई पेश गरी खर्चको शोधभर्ना लिनुपर्दछ।तर लेखापरिक्षणको समयमा सो सम्बन्धि विल भर्पाई पेश हुन नआएकोले विल भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३५,००० |

४३ **कर्मचारी बैठक भत्ता -** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुँदा नं.३ कार्यालय समय भित्र र एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा साथै उक्त परिच्छेदमा अन्य ५ प्रकारको सर्त पुरा नभएमा भत्ता नपाउने व्यवस्था गरिएको छ । पालिकाले यस बर्ष कर्मचारी बैठक भत्तामा शाखागत र पालिकामा गरी रु.१३६४००० बजेट विनियोजन गरिएकोमा रु.११७२४५० खर्च गरेको देखिन्छ । आफ्नै कार्यालयको पदाधिकारी तथा कर्मचारी र कार्यालय समयमा बसेको बैठकको पनि भत्ता खर्च लेखेको छ । यसरी निर्देशिकामा भएको व्यवस्थाको पालना गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **कानुनी परामर्श विज्ञ -** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गाँउ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५मा कानुनी सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गरेको छैन । गाउँपालिकाले कानुनी सल्लाहकार श्री टिकाराम पुलामीलाई मासिक रु.४३८६९ पारिश्रमिक दिने गरी सम्भौता भएकोमा कानूनमा व्यवस्था नभएको कानुनी परामर्श विज्ञ नियुक्त गरी रु.५८०२९७ गाउँपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,८०,२९७ |

४५ **समानिकरणबाट निजी शिक्षकको तलव -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका विभिन्न शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१५३९८६१ तलब भत्ता भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,३९,८६१ |

४६ **वडा समितिको बैठक भत्ता**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.**११९,०००।-** सम्परीक्षण गरिएको ।)

४७ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संलग्न अनुसुची बमोजिमका ३८ कार्यक्रम तथा शिर्षकमा बजेट विनियोजन गरि रु.९८०४८०९ खर्च गरेकोमा सञ्चालित कार्यक्रम वितरणमुखी, न्यून बजेट एवं नतिजा मापन गर्न सक्ने किसिमको नदेखिएकोले पालिकामा उपलब्ध श्रोतलाई वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले परिचालन गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुका साथै उक्त सामाग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई, लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात श्रेस्तासाथ संलग्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४८ **चालु/प्रशासनिक खर्च नियन्त्रण -** नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणका उदाहरण निम्नानुसार रहेका छन् :

| क स | खर्च शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | विविध खर्च | १०२१०१७५. | ८३९२१८२. |
| २ | ईन्धन खर्च | ६९२०००. | ५९८०९५७. |
| ३ | सवारी साधन मर्मत खर्च | ६७४४०६३. | ५५२४८१९. |
| ४ | बैठक भत्ता | २६६४०००. | २४७२४५०. |
| ५ | पत्रपत्रिका छपाई सूचना प्रकाशन खर्च | २५०००००. | १४९०४९७. |
| ६ | अनुगमन मूल्यांकन | १०४००००. | १०१३६००. |
| ७ | करार सेवा शुल्क | १११८००००. | ११०३६२०७. |
| ८ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ६९५७०००. | ५१९९६६२. |
| जम्मा | | ४१९८७२३८. | ४१११०३७४. |

पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षकबाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४९ **धार्मिक कार्यमा खर्च -** पालिकाले समग्र भौतिक, आर्थिक तथा सामाजिक विकासमा सहयोगी हुने र दिर्घकालीन लाभका क्षेत्र पहिचान गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा निम्नानुसारका १६ धार्मिक कार्यसँग सम्बन्धित टुक्रे योजनामा भुक्तानी दिएको छ । योजना छनोटको चरणमा समुदायलाई पर्याप्त अभिमुखिकरण नगरेको तथा जनप्रतिनिधिले अल्पकालिन लाभका लागि टोल क्षेत्र र समुदायको माग बमोजिम बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नु जरुरी देखिएको छ ।

| क स | योजना तथा कार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | चर्च भवन निर्माण वडा नं. १ कोप्चे | २००००० | २००००० |
| २ | चर्च भवन निमार्ण कोप्चे | १५०००० | १३१८१८ |
| ३ | डुडेगैरो हुदै मालबासेको चर्च भवन सम्म मोटरबाटो निर्माण | १००००० | ९६००० |
| ४ | यरुसेलम विलिभर्स इस्टर्न चर्च भवन घेराबेर | १००००० | ९६००० |
| ५ | राजावास आसिश पेसविटेरीयन चर्च भवन निर्माण | १५०००० | १४४००० |
| ६ | अमला शिवालय मन्दिर घेराबारा निर्माण | १५०००० | १४१०१५ |
| ७ | गोल्मादेवी मन्दिर घेराबेरा डहर | ५०००० | ४७५९७ |
| ८ | डाडसिंटार शिव मन्दिर मर्मत | १००००० | ९६००० |
| ९ | डिल्लीवर शिवालय मन्दिर निर्माण | १००००० | ९६००० |
| १० | फाँट संसारी पुजा मन्दिर निर्माण | ८०००० | ७६८०० |
| ११ | महादेव मन्दिर अपुरो पुरा गर्न रौतामाई गापा ८ उदयपुर | ३००००० | २०५५८२ |
| १२ | महेन्द्र मा.वि. नामेटारको सरस्वती मन्दिर निर्माण | १००००० | ९५०९१ |
| १३ | शिखर मन्दिर मुर्ति निर्माण तथा स्थापना | १००००० | ९६००० |
| १४ | शिव मन्दिर बाँझाचौरी निर्माण रौतामाई २ | १०८७७७ | १०८४७७ |
| १५ | शिव मन्दिर बाँझाचौरी निर्माण रौतामाई २ | ९५७४८ | ९५७४८ |
| १६ | शिव मन्दिर व्यबस्थापन रचने | १५०००० | १४०७१२ |
| **जम्मा** | | **२०३४५२५** | **१८६६८४०** |

सैद्धान्तिक बेरुजु

५० **इन्धन खर्च -** प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले १ ब्यकहोलोडर, १ टयाक्टर, १ दमकल, १ मोवाइल भ्यान, १ जिप, १ पिकअप, १ कार, १ एम्बुलेन्स र २५ थान मोटरसाइकलमा यस बर्ष इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु.५६६५४८० खर्च गरेको छ । सवारी साधन अनुसार बार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने

अभिलेख राखेको पाइएन । प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखी सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन । इन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) विश्लेषण गरेको पाइएन । यसरी आगामी दिनमा यस्ता प्रकृतिको कार्यमा सुधार ल्याउनु पर्ने तथा एकीकृत रुपमा एउटै शीर्षकमा एकमुष्ट बजेट व्यवस्था गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्ने, इन्धन खर्चको मापदण्ड बनाउनुपर्ने, लगबुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष शाखा, बडा कार्यालय र पालिकाको बेग्ला बेग्लै बजेट कायम गरी विविध शीर्षकमा रु.५९९८००० बजेट विनियोजन गरी विविध खर्चका रुपमा खाना, खाजा, चिया लगायतका अन्य कार्यमा रु.४३३८९०४ खर्च गरेको छ । उक्त खर्च के कुन कार्यक्रमसँग सम्बन्धित हो स्पष्ट खुलाउने गरेको छैन । खर्चको विल साथ उक्त खर्च कार्यालय प्रयोजन पुष्टी हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा आयलाई मध्यनजर गर्दै यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **भ्रमण खर्च तथा प्रमण प्रतिवेदन** - भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष भ्रमण खर्च र अनुगमन दैनिक भ्रमण खर्चमा रु.४०००००० बजेट विनियोजन गरी रु.३९९०९५० खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन ।भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च बाट फरक खर्च शिर्षकको कर्मचारी भ्रमण खर्च भुक्तानी गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

सोधभर्ना नलिएको

५३ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, सामान खरिद अनुदानमा रु.२६३००६८ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन

। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **अग्रिम कर**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु.**१७२३२**- सम्परीक्षण गरिएको ।)

५५ **वितरणको भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । तर पालिकाले गो.भौ.नं.५७६ वाट खरको छानो विस्थापित जस्तापाता वितरण कार्यक्रमको लागि जस्तापाता खरिद वापत धनन्जय इन्टरनेशनल ट्रेडिङ्ग कम्पनी प्रा.लि. लाई ९२ बण्डल जस्तापाताको रु.१५०२७५२ भुक्तानी गरेको छ । पालिकाले हालसम्म जम्मा ८० बण्डल जस्तापाता वितरण गरी १२ बण्डल जस्तापाता मौज्दातमा राखेको देखिन्छ । यसरी मौज्दामा रहेको १२ बण्डल जस्तापाता प्रति बण्डल रु.१६३४४.२६ का दरले जम्मा रु.१९६०११.१३ मौज्दातमा रहेकोमा सो वितरणको प्रमाण छलफलमा पेश भएको छ ।

सैद्धान्तिक बेरुजु

५६ **मसलन्द खर्च -** सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदिर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यलयहरु, सवै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययीता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यो बर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शीर्षकमा स्वास्थ्य संस्थाहरु संचालन, वडा कार्यालयहरु संचालन, पालिका संचालन तर्फ रु.५५६२००० बजेट विनियोजन गरी रु.३८१०१२७ खर्च गरेको छ । कार्यालयलाई बर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ट विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च गरेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५७ **इन्टरनेट जडान शुल्क -** कार्यक्रम कार्यान्वयन पुस्तिमा २०७९।८० अनुसार हरेक सामुदायिक विद्यालयलाई इन्टरनेट जडान तथा शुल्क भुक्तानी वापत बार्षिक प्रति विद्यालय रु.१२००० का दरले निकासा दिने व्यवस्था गरिएको छ । पालिकाले सिद्ध आ.वि. माझटोललाई इन्टरनेट जडान वापत गोश्वारा भौचर नम्बर

४९६ बाट रु.७०००० भुक्तानी गरेको छ । गत विगत बर्ष देखि संघीय सरकार हस्तान्तरण कार्यक्रम चालुबाट प्रति विद्यालय रु.१२००० का दरले इन्टरनेट जडान तथा शुल्क भुक्तानी वापत निकासा गर्दै आएको रकम उक्त विद्यालयमा निकासा भए नभएको एकिन गरी दोहोरो पर्न गएमा दोहोरो परेको (कार्यान्वयन पुस्तिकाको प्रावधान विपरित निकासा भएको) रकम एकिन गरी संघीय संचित कोष फिर्ता गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **किशोरी आत्मरक्षा तालिम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले जाल्पा एकिकृत समाज उदयपुरसँग मिति २०८०।२।४ को सम्झौता बमोजिम किशोरीहरुलाई आत्मरक्षा सम्बन्धित तालिम सञ्चालन गर्दा पालिकाले रु.१ लाख र संस्थाले रु.१७५००० गर्ने गरी प्रस्ताव भएकोमा सम्बन्धित संस्थाले सम्झौता बमोजिम लागत सहभागिता सहित कार्यक्रम सम्पन्न गरेको प्रमाण, आधार र पुष्टयाई पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ९४,८०७ |
|---|---|

५९ **संस्थामार्फत कार्य -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै, पालिकाले छनोट भएका योजना तथा कार्यक्रम सञ्चालन गर्दा प्रतिस्पर्धा गराउनुपर्ने, संस्थाहरुमार्फत कार्य गराउँदा प्रस्ताव माग पश्चात लागत सहभागिता सुनिश्चित हुने गरी कर विजक प्राप्त हुने गरी कार्य गर्नुपर्ने तथा एकै संस्थालाई पटक पटक एकै प्रकृतिका वा फरक प्रकृतिका कार्य गराउन नसक्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका संस्थामार्फत यस आर्थिक वर्षमा विभिन्न कार्य गराई भुक्तानी दिएकोमा कतिपय संस्थाहरु गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थासमेत रहेका छन । पालिकाले संस्थाको उद्देश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर खरिद व्यवस्थापन गर्नुपर्दछ ।

| क स | भुक्तानी पाउने संस्था | भुक्तानी रकम |
|---|---|---|
| १ | प्लान एण्ड एक्सन फर नेशन एण्ड सोसाईटी | १८५१५० |
| २ | जाल्पा एकिकृत विकास समाज | ९४८०७ |
| ३ | रौतामाई सामुदायिक हित केन्द्र | ९४०१९ |
| ४ | भिजन बर्ल्ड | ७४००४ |
| ५ | रायमाझी कुलदेवता | ७१३६० |
| ६ | नेपाल कृषि अनुसन्धान परिषद | ६९३०० |
| ७ | परिवर्तनका लागी युवा नेपाल पोखरी उदयपुर | ५५२३९ |

| | | |
|---|---|---|
| ८ | गाँउपालिका राष्ट्रिय महासंघ नेपाल | ५०००० |
| ९ | विकास सहजीकरण संजाल उदयपुर | ४९३२५ |
| १० | नेपाल पत्रकार महासंघ | ३९३९८ |
| ११ | राउत क्षेत्री सेवा समाज | ३५५०२ |
| १२ | उदयपुर साहित्य कला प्रतिष्ठान | ३४४७५ |
| १३ | मानव अधिकार र वाताबरण बिकास केन्द्र | ३०५३५ |
| १४ | नेपाल प्रेस यूनियन | २९४१३ |
| १५ | उदयपुरे महिला मित्रता समूह | १९७०० |
| १६ | नेपाल आदिबासी जनजाती महासंघ | १९६४७ |
| १७ | पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान समाज | १५००० |
| १८ | नेपाल पिछडा वर्ग ( OBC) महासंघ | १४७७५ |
| **जम्मा** | | ९८१६४९ |

सैद्धान्तिक बेरुजु

६० **पूर्वाधार लगानीमा स्वामित्व -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका निम्नानुसारका पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । पालिकाले संस्थाको उद्देश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर सम्झौता गर्नु पूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व एकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

| क स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | गिता भवन निर्माण तथा मर्मत वडा नं. ८ | ३००००० | २८८००० |
| २ | गुँरासे फेदी सामुदायिक भवन निर्माण जोडकोष | १००००० | ९६००० |
| ३ | गुराँसे फेदी सामुदायिक भवन निर्माण | १५०००० | १४४००० |
| ४ | चर्च भवन निर्माण वडा नं. १ कोप्चे | २००००० | २००००० |
| ५ | चर्च भवन निमार्ण कोप्चे | १५०००० | १३१८१८ |
| ६ | जनजाती भवन रिटेनिङ वाल मर्मत | १००००० | ९६००० |
| ७ | पावुँ गिता भवन निर्माण | १००००० | ९५६९५ |
| ८ | माथिल्लो गुराँसे सामुदायिक भवन निर्माण | १००००० | ८६३६७ |

| | | | |
|---|---|---|---|
| ९ | यरुसेलम विलिभर्स इस्टर्न चर्च भवन घेराबेर | १००००० | ९६००० |
| १० | राजावास आसिश पेसविटेरीयन चर्च भवन निर्माण | १५०००० | १४४००० |
| ११ | समूह भवन निर्माण तल्लो गुराँसे | १००००० | ९६००० |
| १२ | सरस्वति मालबासे भवन मर्मत रौतामाई ४ (क्रमागत) | ९००००० | ८१०८७२ |
| १३ | सामुदायिक भवन गुराँसे वडा नं. ७ जोडकोष | ५०००० | ० |
| १४ | जनजाती भवन रिटेनिङ वाल मर्मत | १००००० | ९६००० |
| **जम्मा** | | २७००००० | २४७६७५२ |

सैद्धान्तिक बेरुजु

६१ **प्रदेश समपुरक अनुदान -** कोशी प्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कूल लागतको बढीमा सत्तरी प्रतिशत रकम प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको समपुरक अनुदानबाट निम्नानुसारको योजनामा रु. ३८५२९०१।४८ खर्च भएकोमा प्रदेश समपुरक कार्यविधिले तोकेको अनुपात भन्दा बढी रकम रु. १३४८५१५।०४ प्रदेश सरकारबाट खर्च लेखेकोले बढी खर्च लेखेको नियमसम्मत नभएको रु

| क्रस | योजनाको नाम | समपुरक अनुदान प्रतिशत | | सम्झौता रकम (Revised समेत) | खर्च रकम | प्रदेश सरकारबाट खर्च लेख्नुपर्ने | प्रदेश सरकारबाट खर्च लेखेको | बढी खर्च लेखेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | रौता जनता क्याम्पस राजाबास स्टेडियम रौतामाई ७ | **प्रदेश. ६५%** | **स्थानीय ३५%** | ३,९१२,२२८.५९ | ३८५२९०१.४८ | २५०४३८५.९६ | ३८५२९०१.०० | १३४८५१५.०४ |

| | |
|---|---|
| अनियमित भएको | १३,४८,५१५ |

६२ **संघीय समपुरक अनुदान -** राष्ट्रिय योजना आयोगले जारी गरेको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुदाँ नं ६(१) मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजना र कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजन/ कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धी, आयोजना र कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानिय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम सपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । संघीय समपुरक अनुदान अन्तर्गत निम्नानुसारका २ योजना निर्माण कार्यको संघीय सरकारबाट ५० प्रतिशतसम्म खर्च रु.२३६३०२४०.४७ मात्र खर्च लेख्नुपर्नेमा रु.२५०३२७२३ खर्च लेखेकोले बढी खर्च लेखेको अनियमित रु

| क स | योजनाको नाम | समपुरक अनुदान प्रतिशत | | खर्च रकम | संघ सरकारबाट खर्च लेख्नुपर्ने | संघ सरकारबाट खर्च लेखेको | बढी खर्च लेखेको |
|---|---|---|---|---|---|---|---|

| | | संघ | स्थानीय | सम्झौता रकम (Revised समेत) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुर्कुची-पुँवारेभन्ज्याङ्ग-पाँबु-धमिनि-भुट्टार ग्रामीण सडक (पाँबु खण्ड) | ५०% | ५० % | २९,९०३,६३५.४७ | २९,२१७,१५४.८१ | १४,६०८,५७७.४१ | १५,०००,०००.०० | ३९१,४२२.६० |
| २ | राजावास-मुर्कुची-सुकौरा कृषि पर्यटकीय सडक, रौतामाई-७ (मुर्कुची बजारमा) | ५०% | ५० % | २०४८८६७२.४५ | १८,०४३,३२६.१३ | ९,०२१,६६३.०६ | १०,०३२,७२३.०० | १,०११,०५९.९४ |
| **कुल जम्मा** | | | | **५०,३९२,३०७.९२** | **४७,२६०,४८०.९४** | **२३,६३०,२४०.४७** | **२५,०३२,७२३.००** | **१,४०२,४८२.५३** |

| | |
|---|---|
| अनियमित भएको | १४,०२,४८३ |

६३ **खरिद सम्झौता व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशर्पधि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३९.९५ देखि ०.२३ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क स | ठेक्का नं. | कामको विवरण | निर्माण व्यबसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १ | *Construction of School Building Bolunkha RRM-०६, Udayapur* | *Baithar Nirman Tatha Dhuwani Sewa PVT.Ltd., Chaudandigadhi-६, Beltar, Udayapur* | ७२८९०३३.८८ | ४९४३६३०.९२ | ३२.१८% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २ | *Procurement & supply of Green colour CGI sheet of ९ feet* | *Shreeram Emporium Pvt. Ltd., Gwarko-८, Lalitpur* | ७४९९८६४.३३ | ५८०१६७१.४३ | २२.६४% |
| ३ | ७ | *Construction of ward level Health Care Center Rautamai Gaunpalika- ७, Murkuchi, Udayapur* | *Chaudhary Construction, Tri.Na.Pa.-१५* | ३२००९७१.१० | २१८७११६.५१ | ३१.६७% |
| ४ | ८ | *Construction of Two room Truss School Building of Panchawati Aa.bi.-०८, RRM-०४,Bhadaure, Udayapur* | *eegal construction pvt.ltd, Triyuga-११, Udayapur* | २७९६४७८.५७ | २६५७१७१.८२ | ४.९८% |
| ५ | ९ | *Construction of Murkuchi-Pawarebhanjyang-Pabu-Dhamini-Bhuttar Rural Road "Bhuttar Rural Road"* | *Kabir - Galan Infratech Joint Venture ,Chardobato Bhaktpur* | ३२५२७०५७.२० | २९९०३६३५.४७ | ८.०७% |
| ६ | १० | *Construction of Gate and Boundary Wall for Rauta-Janta-Campus Rajabas Stadium RRM-०७,Udayapur* | *Prachit Construction Pvt.Ltd., Udayapurgadhi-७* | ९५७२१८४.५६ | ५७४८३९४.८४ | ३९.९५% |
| ७ | ११ | *Construction of १ no.wada office Building Talla Thap,Dahar,RRM-०१,Udayapur* | *CG Rupakot Construction, Chaudandigadhi १० Udayapur* | १९१०१८२.७१ | १८८७१८७.८४ | १.२०% |
| ८ | १३ | *Procurement & supply of Green colour ०.४०mm CGI sheet of ९ feet length* | *Dhanajaya International Trading Co.Pvt.Ltd.,TNP-११,Gaighat,Udayapur* | १५१४२०१.३१ | १५०२७९२.६५ | ०.७५% |
| ९ | १५ | *Construction of Malbase Health post Lifting water supply, RRM-४,Udayapur* | *Prayan Construction ,Khadak na.pa.-५, Saptari,* | १६०८२५१.६२ | १६०४५०१.१४ | ०.२३% |
| १० | १७ | *Maintenance of Gogane - Tiruwabhanjyang-Malbase - Pokhari Road, RRM-४,Udayapur* | *Chandra Surya Construction,Tri.Na.Pa.-११* | २९९९९५२.७९ | २९८०९३१.१९ | ०.६३% |
| ११ | १९ | *Construction Of Sgabha Hall & Canteen For Guest House,RRM-०६* | *Jameer Construction Pvt.Ltd.,Rautamai-७,Murkuchi,Udayapur* | ५५०४११२.०६ | ५४२२१४८.९० | १.४९% |
| १२ | १३ | *Construction Of १५ bedded Hospital Building* | *R & Cs- Beacon JV,Lalitpur,Nepal* | १८०६२४०५०.९९ | १६१३६५०४४.६४ | १०.६६% |
| १३ | १९ | *Construction Of Chief Administrative Office Building Of Rautamai Rural Municipality* | *Rautaha - Dhulikhel - Susam Aditya J.V* | ७२७१०७०९.२३ | ७०१५६१४९.५२ | ३.५१% |
| १४ | १० | *Construction of Asphalt concrete Pavement of Murkuchi-Puwarebhanjyang-Panbu-Dhamini-Bhuttar Rural Road* | *Rautaha - Regmi J.V., Tri.Na.Pa.-११* | २६७१०१६५.०९ | १७९८३३८४.४० | ३२.६७% |

सैद्धान्तिक बेरुजु

६४ **परामर्श तथा डीपीआर खर्च** -बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क सं | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम रु हजारमा | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत रु हजारमा | कार्यान्वयन भए / नभएको |
|---|---|---|---|---|---|---|
| | | | | | | (कार्यान्वयन भएको भए वजेट) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | बिभन्न खोलाहरु राकुली, त्रियुगा, छौडिया, रसुवा, खारी तथा अन्य खोलाहरुको प्रारम्भिक वातावरण परिक्षण | फारसाईट इन्जिनियरिङ सर्भिस प्रा.लि | ९९६ | ९९६ | | गत वर्षको |
| १ | धमिनी गोगुने भन्ज्याङ्ग निकास सडक वडा नं. ४ र ६ विस्तृत सर्वेक्षण गर्ने कार्य | तिलिचो इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ११५० | १०२८ | ८८९२३४ | ६१०० |
| २ | पुँवारे भन्ज्याङ्ग पाँचु धमिनी भुट्टार सडक वडा नं. ८ र २ विस्तृत सर्वेक्षण गर्ने कार्य | इन्जिनियरिङ सर्भिसेज एण्ड डिजाष्टर रिस्क म्यानेजमेन्ट कन्सल्ट प्रा. लि. | १३५० | १०१० | ८५२६२२ | ३०००० |
| ३ | भुट्टार सालथुम्का लाफागाउँ चनौटे सडक वडा नं. १ र २ विस्तृत सर्वेक्षण गर्ने कार्य | सगरमाथा इन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट कन्सल्टेन्सी | १५०० | १३९४ | ४७३५६३ | - |
| ४ | मुर्कुची पुँवारेभन्ज्याङ्ग डिल्लिबर सिन्कौले चौकीभन्ज्याङ्ग दारेगौंडा सडक वडा नं. ७ र ८ विस्तृत सर्वेक्षण गर्ने कार्य | प्रोडेस्क् इन्जिनियरिङ् इन्क प्रा.लि. | १९०० | १८७२ | ११८१४५० | रु.५० करोड फ्रिज |
| ५ | हाँडीखोला आर सि सि पक्कि पुल वडा नं. ४ विस्तृत सर्वेक्षण गर्ने कार्य | न्जिनियरिङ सर्भिसेज एण्ड डिजाष्टर रिस्क म्यानेजमेन्ट कन्सल्ट प्रा. लि. | ५५० | ४९० | ४४२६७ | ठेक्का मुल्याङ्कन प्रकृयामा रहेको |
| ६ | गोगने तिरुवा भन्ज्याङ्ग मालबासे पोखरी सडक वडा नं. ६ र ४ विस्तृत सर्वेक्षण गर्ने कार्य | गौमुखी ईन्जिनियरिङ सर्भिसेज प्रा.लि. | १००० | ९४५ | ५४०२६२ | ३००० |
| **जम्मा** | | | ७४५० | ६७३९ | ३९८१३९८ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा ल्याउनका लागि पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **उपभोक्ता समितिको कार्य व्यवसायीमार्फत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सार्वजनिक खरिद नियमावलीको नियम विपरित विभिन्न निर्माण कार्यको लागि विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी अन्तिम विल भुक्तानी गर्दा निर्माण व्यवसायीले पेश गरेको भ्याट विलमा आय कर कट्टा गरी उपभोक्तालाई भुक्तानी गरेको देखिएको छ । उपभोक्ता समितिमार्फत काम गर्ने गराउने नियमावलीको प्रावधानको उद्देश्यभन्दा फरक तवरले निर्माण व्यवसायी मार्फत काम गराउने प्रवृत्तीमा नियन्त्रण गरी प्रतिस्पर्धात्मक विधि र प्रक्रिया अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | कर कट्टी रकम | निर्माण व्यवायीको | उ.स लाई भुक्तानी रकम |
|---|---|---|---|---|---|---|

| | | | | | विल रकम भ्याट वाहेक | |
|---|---|---|---|---|---|---|
| ९१।२०७९।१०।२३ | आहाले चिस्पा मोटरबाटो निर्माण मर्मत उपभोक्ता समिति | आहाले चिस्पा मोटर बाटो निर्माण मर्मत | ७६५९६३ | ११२०८ | ७४६१८० | ७५४७५५ |
| ९८।२०७९।१०।२५ | वडाभरीका सडक मर्मत उपभोक्ता समिति | वडाभरीका सडक मर्मत | ३८२२०१ | ५५९५ | ३७२९७५ | ३७६६०६ |
| ११३।२०७९।११।०३ | टारखोला सडक निर्माण उ.स. | टारखोला सडक निर्माण | २८८००० | ४२६१ | २८४०६६ | २८३७३९ |
| १३७।२०७९।११।१६ | जागिरभित्ता मान्के सडक निर्माण उ.स. | जागिरभित्ता मान्के सडक निर्माण | ४८०००० | ५९८० | ३९८६४२ | ४३९१७६ |
| १४३।२०७९।११।३० | जिरे हातिखर्क कोप्चे सडक निर्माण उ.स | जिरे हात्ती खर्क कोप्चे सडक निर्माण | ३८१८४७ | ५६९५ | ३७९६४२ | ३७६१५२ |
| १४४।२०७९।१२।१ | डाङसिटार मझाैडाडा सडक निमाण याेजना उ स | डाङसिंटार मझौडाडा सडक निर्माण | ४०४२५८ | ५९०३ | ३९३५२० | ३९८३५५ |
| १४६।२०७९।१२।१ | कोप्चे टेकनपुर सडक निर्माण उ.स. | कोप्चे टेकनपुर सडक निर्माण | २८८००० | ४२६६ | २८४४०० | २८३७३४ |
| ११८।२०७९।११।४ | रामुटार फेदि सडक निर्माण उपभोक्ता समिती | रामुटार फेदि सडक निर्माण | ४७९८३६ | ७०९२ | ४७२७५० | ४७२७४४ |
| १७२।२०७९।१२।१० | जागिर भित्ता मान्कै सिरुवानी कृषि सडक निर्माण उपभोक्ता समिति | जागिर भित्ता मान्कै सिरुवानी कृषि सडक निर्माण | १०९००५६ | १६०७८ | १०७१८३५ | १०७३९७८ |
| २३५।२०८०।१।१७ | आहलडाडा खाेल्मे डाडाटाेल हुदै प्रा बि जानेबाटाे निर्माण उ स | आहालडाँडा खोल्मे डाँडाटोल हुँदै प्रा.वि. जाने बाटो निर्माण वडा नं. ८ | ९६०००० | १४१९३ | ९४६२०० | ९४५८०७ |
| २३१।२०८०।१।१५ | रातमाटे कुर्ले सडक निर्माण उ स | रातमाटे कुर्ले सडक निर्माण वडा नं. ५ | ७३५११० | ११२८२ | ७५२१०० | ७२३८२८ |
| ६२।२०७९।९।१८ | भदौरे जरिथुम्का रानीवास मोटरबाटो निर्माण उ.स. | भदौरे जरिथुम्का रानीवास मोटरबाटो निर्माण | ४८०००० | ७०१८ | ४६७८४० | ४७२९८२ |
| ८८।२०७९।१०।२३ | कालिमाटी बाह्रमासे सडक निर्माण उ.स. | कालिमाटी बाह्रमासे सडक निर्माण | ४७८०८६ | ७००४ | ४६६८६९ | ४७१०८२ |
| २०१।२०८०।१।६ | रातो आहाल नर्कटे जल्केनी फार्से सडक विस्तार उ.स. | रातो आहाल नर्कटे जल्केनी फार्से सडक विस्तार | ११५०४१७ | १६९६८ | ११३११८७ | ११३३४४९ |
| **जम्मा** | | | | | | ८२०६३८७ |

| सैद्धान्तिक बेरुजु |
|---|

६६ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । आधारभुत विद्यालय बोलुङ्गा भवन निर्माण कार्यको ठेक्का निर्माण व्यवसायी वैठार निर्माण तथा ढुवानी सेवा प्रा.लि. सँग भवन निर्माण कार्यको लागि २०७९।६।२२ मा सम्झौता र कार्यदिश दिई २०८०।१।१५ सम्ममा सम्पन्न गर्नुपर्ने गरी दिएकोमा सम्झौतामा तोकिएको म्यादभन्दा ३१ दिन ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्यगर्ने निर्माण व्यवसायीबाट सम्झौता रकम रु.४९४३६३०.९२ को प्रति दिन ०.०५ प्रतिशतको दरले ३१ दिनको रु.७६६२६ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७६,६२६ |
|---|---|

६७ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर सोझै खरिद गरी देहाय बमोजिम रु.२९७४७२ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत नलिएकोले यस्ता सफ्टवेयर स्वीकृति लिई सम्बन्धित परामर्शदाताबाट सम्झौता अनुसार प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

| गो.भौ.नं | आपूर्तक | वापत | रकम |
|---|---|---|---|
| ५७।२०७९।९।४ | गौतम इन्टरप्राइजेज | जिन्सी व्यवस्थापन सफ्टवेयर खरिद | १००००० |
| ८४।२०७९।१०।२० | स्मार्ट टेक सोलुशन प्रा लि | Smart Road Software | १८०००० |
| ११५।२०७९।११।३ | ड्रिम वर्क सोलुशन | Online Agriculture Portal development | २९७४७२ |

सैद्धान्तिक बेरुजु

६९ **फरक योजनालाई भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशिर्षकमा विनियोजित रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशिर्षकको मौज्दात रकमबाट खर्च गर्न सक्नेछ । त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था छ । साथै गाउँसभाबाट स्वीकृत भएको योजना विनियोजन ऐन, २०७९।८० अनुसार मात्र रकमान्तर गर्नुपर्नेमा पालिकाले विनियोजन ऐन विपरित एक योजनामा विनियोजित बजेट अर्को योजनामा खर्च गर्नु नियमसम्मत नदेखिएको रु.

| गोभौनं./मिति | स्वीकृत योजना | भुक्तानी भएको योजना | भुक्तानी रकम |
|---|---|---|---|
| ३९०।२०८०।३।२० | वडाभरिको सडक मर्मत | वडा कार्यालयको व्यबस्थापन शौचालय तथा व्याडमिन्टन कोट निर्माण | १००००० |

यस सम्बन्धमा पालिकाले कार्यपालिकाबाट निर्णय भई गाउँसभाबाट अनुमोदन गराई कार्य गराएको र सडक मर्मतभन्दा पनि देखिने गरी राम्रो काम भएको जनाएको छ । आगामी दिनमा यसप्रकारका शिर्षकान्तर हुने गरी खर्च गर्दा बजेट संशोधन एवं सुत्र प्रणालीमा आवद्ध गरेर सीमाभित्र रहेर गर्नुपर्ने देखिएको छ ।

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

७० **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरण निम्नानुसार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३८८।२०८०।३।२० | राजाबास मझुवा मुर्कुची पुवारे मिलघट्टा सम्म सडक बत्ति विस्तार उ.स. | राजावास मझुवा मुर्कुची पुवारे मिलघट्टा सम्म सडक बत्ति विस्तार | २४०००० |
| ३८६।२०८०।३।२० | वडा नं. ७ वडा भवनको माथिल्लो तला ट्रस भवन निर्माण | वडा नं. ७ वडा भवनको माथिल्लो तला ट्रस भवन निर्माण | ६७०६३६ |
| ३।२०७९।५।१० | चौतारा चितम्पा वलिन्टार क्षचुवा रानिवास सल्ले सडक नि.उ.स | चौतारा चितम्पा रानिबास सल्ले सडक रौतामाई ३ | ९२०७०८ |
| १८।२०७९।५।१० | लाफागाउँ खानेपानी निर्माण उ.स | लाफागाँउ खानेपानी योजना रौतामाई ३ | २१९९२५१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७१ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरण अनुसूचीमा समावेश गरिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७२ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलव्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ। अन्तिम किस्ता वापत ३३६ परिवारलाई रु.२०००० का दरले रु.६७२०००० दोस्रो तथा अन्तिम किस्ता वापत उपलव्ध गराएकोमा लाभग्राहीको आवास निर्माण गराई अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन तयार गरेको पाइयो । बाँकी –.. लाभग्राहीको कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **आर्थिक कारोबारमा संलग्नता -** पालिकाले यस आर्थिक वर्षमा गरेका कुल ८३७ कारोबारमा रु ६१ करोड ८३ लाख खर्च भएकोमध्ये व्यक्तिगत कारोबार २३८ व्यक्तिगत तवरबाट भएको र एकै व्यक्ति वा कर्मचारीलाई रु २१ लाख ६६ सम्मको भुक्तानी भएको देखिएको छ । यसरी कारोबारमा सहभागी हुनेमा विशेषत वडा कर्मचारी रहेको देखिएको छ । उदाहरणको रुपमा प्रस्तुत गरिएका संलग्न विवरण अनुसार पालिकाको खर्च सञ्चालन व्यक्तिगत तवरबाट र निश्चित कर्मचारीमार्फत हुँदा कारोबारको पारदर्शिता एवं वित्तिय जोखिम बढ्न जान्छ । पालिकाले खर्च भुक्तानी गर्दा प्रतिस्पर्धात्मक प्रक्रिया र विधि अपनाउनुपर्ने, खर्च भुक्तानी गर्दा सम्बन्धित पार्टी वा सप्लायर्सलाई सिधै गर्न सक्नेमा सो नगरेको, करार/डोर हाजिरमा कार्यरत कर्मचारीमार्फत आर्थिक कारोबार भएको समेत देखिएको छ । अतः सरकारी कारोबार सञ्चालन गर्दा प्रचलित कानूनमा तोकिएको विधि र प्रक्रियाबमोजिम सम्पादन गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क स | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १ | गोबिन्द कार्की | २१६६३१७. |
| २ | भिमा देवि आचार्य | १२७७०१६. |
| ३ | राम नारायण चौधरी | १२६०६७७. |
| ४ | मन्जु बस्नेत | १२४९१४७. |
| ५ | सन्तोष कुमार बस्नेत | १११३३३३. |
| ६ | वविता परियार | १०८१८४६. |

सैद्धान्तिक बेरुजु

७४ **जनश्रमदान अनुदान -** पालिकाले आ.व. २०७७।७८ मा सञ्चालित कालिकादेवी मावी, कालिमाटीमा भवन निर्माणमा रु ३६ लाख बजेट व्यवस्था गरी रु.४७१०४३४।५२ मा सम्झौता गरेकोमा जनसहभागिता रु.१११०४३४।५२ कायम गरी सम्झौता गरेकोमा यस आर्थिक वर्षमा वडा नं ५ मार्फत थप रु ७ लाख बजेटमार्फत कार्य गराएको छ । सम्झौता गर्दाको समयमा उल्लेख भएको जनसहभागिताको प्रतिशत पुरा

हुन नसकेका कारण भवन निर्माण अधुरो रहेकोले थप बजेट विनियोजन गरी कार्य सम्पन्न गर्नुपरेको पालिकाले जनाएको छ । जनसहभागिता न्यून भएको अवस्थामा नजुटेको अंश बराबरको रकम पेश्की दिएको, जनश्रमदान नजुटेकै कारण थप बजेट व्यवस्थापन गरी जनश्रमदान अनुदान दिँदा पालिकालाई आगामी दिनमा थप व्ययभार पर्ने देखिएको तथा यसप्रकार सम्झौताबमोजिम काम नहुँदाको अवस्थामा समेत कार्यपालिकाबाट निर्णय गरी सम्बन्धित उपभोक्ता समितिलाई रकम भुक्तान गर्ने कार्य अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

७५ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १५०० जना(IEMIS बमोजिम) रहेका छन। पालिकाले जनहित ट्रेडर्सबाट १७००० थान स्यानिटरी प्याड रु.५,२८,२७५.०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा अन्तिम चौमासिकमा खरिद गरि विद्यालयमा पठाएको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा उपयोग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु.३२ लाख ८० हजार बजेट विभिन्न उप शिर्षकबाट रु.२७७९०५५ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **भुक्तानी बाँकी र दायित्व**

........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८०।१२।२९ को निर्णयबाट रु.९६३,६०७।- सम्परीक्षण गरिएको ।)

७८ **ट्रस पुल दायित्व**

........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.**९६३,६०७**।- सम्परीक्षण गरिएको ।)

७९ **पेश्की उपयोग र जफत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताको शर्त बमोजिम पेश्की उपलब्ध गराउन सक्ने, ५२क(५) बमोजिम सो पेश्कीको उपयोग तोकिएको कार्यमा प्रयोग भए नभएको विवरण अद्यावधिक गरी पेश गर्नुपर्ने र ५२क(६) बमोजिम व्यवसायीले लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाईएमा जफत गर्ने व्यवस्था छ । साथै, सार्वजनिक खरिद नियमावली नियमावली, २०६४ को नियम ११३ को उपनियम ३ र ६ बमोजिम व्यवसायीले तोकिएबमोजिम कार्य सम्पादन नगरेमा बैक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९।३।२४ मा आर एण्ड सिएस बेकन जेभी ललितपुरसँग १५ बेड अस्पताल भवन निर्माणका लागि रु.१६१३६५०४४।६४ (मुअकर समेत) खरिद सम्झौता गरेकोमा व्यवसायीले लेखापरीक्षण अवधिसम्म ७.६७ प्रतिशत मात्रै कार्य गरेको, स्थलगत अवलोकन गर्दा साईट परिचालन नभै निर्माण कार्य रोकिएको, व्यवसायीले २ पटकमा रु २ करोड ८४ लाख पेश्की भुक्तानी लगेको अवस्थामा समेत निर्माण कार्य अवरुद्ध रहेको छ । व्यवसायी साईटमा परिचालन भएको नदेखिएको र व्यवसायीले पेश गरेकोको कार्य तालिकाबमोजिम पहिलो तलाको ढलानसम्मको कार्य सम्पन्न भैसक्नुपर्नेमा सो भएको नदेखिएकोले उपयोगमा नरहेको पेश्की जफत गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८० **अध्ययन प्रतिवेदन अभिलेख -** सार्वजनिक निकायले खर्च गर्दा खर्चको औचित्य पुष्टिहुने गरी मितव्ययी र दोहोरो नपर्ने व्यवस्था सहित अभिलेख व्यवस्थित तवरले राख्नुपर्दछ पालिकाले यस आर्थिक वर्षमा समेत विभिन्न अध्ययन कार्य गराएको तथा गत विगतमा समेत विभिन्न अध्ययन गर्ने गराएको भएतापनि आफ्नो कार्यक्षेत्रमा के कति संख्यामा अध्ययन कार्य गराएको हो सो को अभिलेख व्यवस्थित गरेको छैन । गाउँपालिकामा विगत आर्थिक वर्ष देखि विभिन्न नाममा भएका अध्ययन, प्राविधिक प्रतिवेदन लगायत विभिन्न किसिमका अध्ययन कार्य गर्ने गरिएको अवस्थामा एकै किसिमका अध्ययन दोहोरिन सक्ने, विगतमा अन्य निकायमा भए गरेका अध्ययन कार्यको जिम्मेवारी नसर्दा विगतको लगानी खेर जानेहुँदा यसप्रकारका खर्चबाट नतिजा प्राप्त गर्ने गरी अभिलेख र कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **भेरिएशन आदेश -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा नियमावलीको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी भेरियसन आदेश गर्न सकिने व्यवस्था छ । यसरी भेरियसन गर्दा भेरियसन गर्नुपर्ने कारण सहित प्राविधिक प्रतिवेदन पेश गरी सोहि आधारमा भेरियसन आदेश स्विकृत गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारका खरिद कार्यमा पालिकाले भेरिएसन आदेश गर्दा उल्लेखित विवरणबमोजिम लागत अनुमान दर भन्दा व्यवसायीले कवोल गरेको दर न्यून भएका आईटममा परिमाण घटाई समग्र खरिद सम्झौतामा आईटम भेरिएसन गरेको छ । रौता जनता क्याम्पस राजावास स्टेडियमका लागि प्रचित कन्स्ट्रक्सन प्राली(कार्य

सम्पन्न ३८५२९०१।४८) र बाउन्ड्री वाल, गेट र ट्रसभवन निर्माणका लागि धुलिखेल।रेग्मी जेभी(कार्य सम्पन्न २५९६६४९९।५१मार्फत कार्य गराउँदा खरिद सम्झौताको अंकमा उल्लेख्य फरक नदेखिएतापनि व्यवसायीलाई अनुकुल हुने विओक्यू आईटममा बढी परिमाणको काम र कम कबोल गरेको आईटममा बढी परिमाणमा कार्य गराएको देखिएको छ । भेरिएसन आदेश जारी कार्य गराउँदा निर्माण कार्यको वास्तविक अवस्था मूल्यांकन, पर्याप्त छलफल तथा पुष्ट्याई र नियमित प्राविधिक अनुगमनलाई आधार लिई भेरिएसनका कारणबाट व्यवसायीले अतिरिक्त लाभ लिने अवस्थामा सुधार गर्नुपर्दछ ।

| | **रौता जनता क्याम्पस राजावास स्टेडियम निर्माण(कार्य सम्पन्न)** | | |
|---|---|---|---|
| **S.N.** | **BoQ Item No** | **Estimated Rate** | **Bidder Rate** |
| १ | ४ | ३२४९.९३ | १५०० |
| २ | ५ | १५१४२.७ | ९५०० |
| ३ | ६ | १६९२३.२६ | १२००० |
| ४ | ७ | १६६०६७.९७ | ११०००० |
| ५ | ९ | २०५१३.०४ | १२५०० |
| ६ | १० | ८६६.६४ | ३५० |
| ७ | ११ | ४११.९४ | ३५० |
| ८ | १३ | ३११.७९ | २५० |
| बाउन्ड्री वाल, गेट र ट्रसभवन निर्माण (कार्य सम्पन्न हुन बाँकी) | | | |
| S.N. | BoQ Item No | Estimated Rate | Bidder Rate |
| १ | २ | १६.४ | १० |
| २ | ५ | ७१३७.७२ | १५०० |
| ३ | ६ | १३०१६.७८ | ६००० |
| ४ | ७ | १४८९१.९७ | ७५०० |
| ५ | ८ | १८८१८ | १०००० |
| ६ | ९ | १४०.३७ | ९५ |
| ७ | १० | ६४७.९६ | ३०० |
| ८ | ११ | २०१८८.३८ | ११००० |
| ९ | १४ | २५१.१६ | ३०० |
| १० | १६ | १५९.११ | १३० |
| ११ | १८ | १९७३.७८ | ३५०० |
| १२ | १९ | १५३.३६ | १३० |
| १३ | २१ | १४२७.९३ | १२०० |

| | | | |
|---|---|---|---|
| १४ | २३ | १४१८२.६९ | ९००० |
| १५ | २४ | १७५.४३ | १५० |
| १६ | २५ | ३७९.८४ | २०० |
| १७ | २६ | ३१५.८९ | ३०० |
| १८ | ३१ | ३७२५.५६ | ३५०० |
| १९ | ३२ | ३७६.७७ | ३०० |
| २० | ३३ | ६१७९.३६ | ५७०० |

| सैद्धान्तिक बेरुजु |
|---|

८२ **एज विल्ट नक्शा -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले गर्ने खरिद सम्झौता एवं खरिद सम्झौताका शर्तको पालना सम्बन्धि व्यवस्था रहेका छन् । पालिकाले रौता जनता क्याम्पस राजावास स्टेडियम निर्माणका लागि प्रचित कन्स्ट्रक्सन प्रालीसँग रु ५७४८३९४।८३ मा सम्झौता गरी रु ३८५२९०१।४८ मा कार्य गराएकोमा सम्झौताको बुँदा GCC ७१.२ मा उल्लेख भएबमोजिम एज विल्ट नक्शा पेश नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १,००,००० |
|---|---|

८३ **बिमा बिल**

...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.**५६३,६१६.०६**।- सम्परीक्षण गरिएको ।)

८४ **पालिका प्रशासकिय भवन -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले गर्ने खरिद सम्झौता एवं खरिद सम्झौताका शर्तको पालना सम्बन्धि व्यवस्था रहेका छन् । पालिकाको प्रमुख प्रशासकिय भवन निर्माणका लागि Rautaha - Dhulikhel - Susam Aditya J.V सँग रु.६६९८५६५०।७९ (मुअकर समेत) मिति २०७७।०६।११ मा सम्झौता भएको छ । हालसम्म मुल्य समायोजन रु.५०५१५६१।३९ सहित रु.६२७५६८०७।५६ भुक्तानी भैसकेको यस निर्माण कार्यको प्रथम भेरिएशन पश्चात ९.७८ प्रतिशत अर्थात रु.७११४१९७।८२ वृद्धि भै सम्झौता अंक रु.७४३०६६७६।५८ कायम भएबाट शुरु लागत अनुमान रु.७२७१०७०९।२२ भन्दा रु.१५९५९६७।२२ सम्झौता अंकमा नै वृद्धि भएको छ । भवन निर्माण संरचनामा समेत लागत वृद्धि भएकै अवस्थामा पछिल्लो पटकको दोश्रो भेरिएशन पश्चात सम्झौता अंक रु.७७९८२११२।९० कायम भएको देखिएबाट रु.५२७१४०३।६८ लागत पर्न जाने देखिएको छ । साथै, विओक्यू आईटम १६ मा Tor Steel Reinforcement Bar मा लागत अनुमान दर रु.११६.८६ र व्यवसायीले कवोल गरेको दर रु.१०२ भएकोमा थप परिमाणका लागि नेगोसिएसनपश्चातको नयाँ दर रु.१२५ कायम गरी काम गराएको देखिएकोले अन्तिम बिल भुक्तानी गर्दा सो नयाँ दरमा मुल्य समायोजन भुक्तानी नहुने सुनिश्चित गर्नुका साथै

निर्माण कार्यमा आवश्यकता र औचित्यका आधारमा मात्रै भेरिएशन आदेश जारी गरी मितव्ययी तवरबाट खरिद कार्य गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८५ **सवै वाटो मर्मत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार पार्नुपर्ने व्यवस्था साथै नियमावलीमा बीसलाख भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य गराउँदा वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले वडाका सवै वाटो मर्मत कार्यक्रमवाट कार्य गराउँदा लागत अनुमान साथै नियमावलीमा तोकिए वमोजिमको विवरण तयार गरेको देखिएन। उक्त कार्य गराउन पालिकाले व्याकहो लोडर भाडामा लिई रक्षा रचना निर्माण सेवासँग रु.२३५० मु.अ.कर समेतमा संझौता गरी १२७०.६ घण्टाको रु.२९८५९१० भुक्तानी गरेको देखियो। पालिकाले खरिद कानुनमा तोकेको प्रकृया वेगर निर्माण कार्य गराई खर्च गरेको नियमसंम्मत नदेखिएको रु

| गो.भौ.नं. | निर्माण व्यवसायी | कार्य विवरण | मेशिन चलेको घण्टा | प्रति घण्टा दर | जम्मा दर |
|---|---|---|---|---|---|
| ४२ र ८३ | रक्षा रचना निर्माण सेवा | बर्षा याममा क्षती पुर्याएको सडकहरुको मर्मत तथा सरसफाई | १२७०.६ | २३५० | २९८५९१० |
| **जम्मा** | | | | | **२९८५९१०** |

| अनियमित भएको | २९,८५,९१० |
|---|---|

८६ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको सामान खरिद वापत निम्न आपर्तकहरुलाई रु.५९६७५३ भुक्तानी गरेको छ । खरिद गरिएका सामानहरु वडाको सिफारसि आधारमा वितरण गरेकोले उक्त सामान प्रयोग भएको प्राविधिक विल, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौचर नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ५५।२०७९।९।१ | जानुका सप्लायर्स एण्ड ट्रेडर्स | विपद पुर्व तयारीका लागि ग्याविन जाली खरिद | ५९६७५३ |
| **जम्मा** | | | **५९६७५३** |

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु. **८००६६३।-** सम्परीक्षण गरिएको ।)

| प्रमाण पेश नगरेको | ५,९६,७५३ |
|---|---|

८७ **जस्तापाता खरिद तथा वितरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार विल विजकको भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ५८२ वण्डल जस्ता पाता खरिद गरी रु.७८९९८३४ भुक्तानी गरेको छ । वडा समितिको सिफारिसको आधारमा जस्तापता वितरण गरीएको छ । वितरण गरिएका जस्तापाता प्राविधिकबाट जाँचवुझ नगराई कार्यसम्पन्न प्रतिवेदन तयार नगरी भरपाईका आधारमा प्रति परिवार ४ बण्डलका दरले जस्तापाता वितरण गरेको पाइयो । भरपाईका आधारमा वितरण गरेको जस्तापाताको प्राविधिक जाँचपास र नापि किताव तयार नगरेकोले खर्चको सुनिश्चितता भएको देखिएन । प्राविधिक प्रतिवेदन तयार गरी पेश गर्नु पर्दछ ।

| भौचर नं. | आपुर्तक | वापत | वण्डल | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ९९४ | मनोकामना हार्डवेयर सप्लायर्स एण्ड ट्रेडर्स | जस्तापाता खरिद तथा वितरण | ३० | ५८९४१९ | ५ वटा विद्यालयलाई वितरण |
| ५७६ | धनञ्जय इन्टरनेशनल ट्रेडिङ्ग कम्पनी प्रा.लि. | जस्तापाता खरिद तथा वितरण | ९२ | १५०२७९२ | ८० बण्डल वितरण १२ बण्डल वितरण गर्न बाँकी |
| ६१६ | मोडर्न सोलुसन मिडिया एण्ड रिसर्च प्रा.लि. | जस्तापाता खरिद तथा वितरण | ४ | ५६९५२ | वितरण गरेको |
| ३०८ | श्रीराम इम्पोरियम प्रा.लि. | खरको छानो विस्थापित, जस्तापाता वितरण | ४५६ | ५८०१६७१ | ११४ जनालाई ४ बण्डलका दरले वितरण |
| **जम्मा** | | | | ७८९९८३४ | |

| सैद्धान्तिक बेरुजु |
|---|

८८ **खरिद सम्झौतामा क्षतिपूर्ती -** गाउँपालिकाले मिति २०७८।९।२६ मा काभ्रे नेपाल हाईड्रो इन्जिनियरिङ्ग प्राली, ठिमि न पा गठ्ठाघर १५ भक्तपुर (३०४२९८०५३) सँग रु.८३७८०४८ (मुअकर समेत) विद्युत पोल, वायर र सामाग्री आपूर्ती गर्ने कार्य २०७८।१०।२६ भित्र सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । आपूर्तकले राखेको कार्य सम्पादन जमानत रु.४१८९०३ जमानत जफत गरेको भएतापनी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (८) बमोजिम खरिद सम्झौता अन्त्य भएको व्यहोरा सहित बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख गरी मिति २०७९।२।२७ मा पत्राचार गरेको भएतापनि सो पश्चात थप कार्यवाही भएको देखिएन । अत : मुअकर बाहेकको खरिद सम्झौता अंक रु.७४१४२०२ को दश प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्नुका साथै खरिद सम्झौता बमोजिम तोकिएबमोजिमको कार्य सम्पन्न नगरेको अवस्थामा आपूर्तकलाई सार्वजनिक खरिद नियमावलीको नियम १२८ (२) बमोजिम ऐनको दफा ५९ मा लेखिएको अतिरिक्त दफा ५९(२ग, घ र ङ) बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिएको रु

| असुल गर्नुपर्ने | ७,४१,४२० |
|---|---|

८९ **ब्याक-हो-लोडर सञ्चालन -** पालिकाले ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ मिति २०७५।९।११ मा स्वीकृत गरेको छ । ब्याक हो लोडर रिडिङ्ग यस आर्थिक वर्षको शुरुमा ३९३६.७ देखी ५३०६.३ सम्म जम्मा १३६९.६ रहेकोमा सञ्चालन घण्टा १४१४.६ रहेको विवरण पेश भएको छ । यसबाट ४५ घण्टाको विवरण फरक देखिएको, यस आर्थिक वर्षमा रु ५७८४२० आम्दानी गरेको देखिएकोमा चालक र सहयोगीको तलव रु.७१७६००, ईन्धन रु.११४८२५७ र मर्मतमा रु.५००००० समेत जम्मा रु.२३६५८५७ खर्च भएको छ । सञ्चालन खर्च अत्याधिक भएको सम्बन्धमा विवरण माग गर्दा ब्याक-हो-लोडर पालिका भित्रका कच्ची सडकको नियमित सञ्चालनमा प्रयोगमा ल्याएको तथा मौखिक आदेशका आधारमा परिचालन गरिएको जनाएको छ । हेभी ईक्युपमेन्टमा भएको खर्च र आम्दानी सम्बन्धमा पालिकाले जाँचबुझ गरी सो को प्रयोग पालिका बाहेक अन्यन्त्रलाई फाईदा हुने गरी भए नभएको यकिन गर्नुपर्ने र ब्याक-हो-लोडर परिचालन र व्यवस्थापनका लागि पालिकाले निर्धारण गरेको कार्यविधि अद्यावधिक गरी व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **वारुणयन्त्र सञ्चालन -** पालिकाले प्रदेश सरकारबाट प्राप्त २०७८ देखी वारणयन्त्र सञ्चालनमा ल्याएको छ । वारुणयन्त्र सञ्चालनका लागि ३ जना जनशक्ति परिचालन भएकोमा तलव भत्तामा रु.६७६००० र ईन्धनमा रु.२०७०५० समेत जम्मा रु.८८३०५० खर्च भएको छ । पालिकाको वडा नं ७ भित्र मात्रै सञ्चालन हुन सक्ने वारुण यन्त्रको सञ्चालनको सम्बन्धमा पालिकाले कार्यविधि निर्धारण गरी व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९१ **राजश्व बाँडफाँड -** प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची ४ को (क) मा ढुङ्गा गिट्टी बालुवा माटो चट्टान दहत्तर बहत्तर भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा सकंलन गर्ने बहुमूल्य पत्थर ऐतिहासिक सांस्कृतिक महत्वका शालीग्राम वस्तु वाहेकका ढुङ्गा गिट्टी बालुवा रोडा माटो जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी वा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्ने उल्लेख छ । यस्तो प्राकृतिक स्रोतको विक्रीवाट प्राप्त राजश्व ऐनको दफा ६ को उपदफा ४ अनुसार ४० प्रतिशत रकम सम्बन्धीत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष यस किसिमको प्राकृतिक श्रोतको परिचालनबाट संकन गरेको आम्दानी निम्नानुसार रहेको छ

| सि नं | ठेक्का विवरण | ठेक्केदारको विवरण | संकलित रकम (मु अ कर बाहेक) | मु अ कर रकम |
|---|---|---|---|---|
| १ | छौंडिया खोला-पुँवारे खोला-त्रियुगा खोला ठेक्का | यु एस आर निर्माण सेवा रौतामाई २ | १६०३५३३।६४ | २०८४६० |
| २ | राकुली खोला ठेक्का | देवनारायण पवन (मैनाचुली)रौतामाई ७ | ४२३४५२ | ५५०४८ |
| ३ | रसुवा खोला -खारी खोला | पि के निर्माण सेवा रौतामाइ ७ | ३४३२३० | ४४६२० |
| **जम्मा** | | | **२३७०२१५।६४** | **३०८१२८** |

पालिकाले उपरोक्त विवरण अनुसार यस वर्ष ढुंगा गिट्टी बालुवा र माटो विक्रीबाट प्राप्त गरेको रु. २३७०२१५।६४ को ४० प्रतिशतले हुने रकम रु.९,४८,०८६ प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा रु.५४३४५६ मात्र दाखिला भएको देखिएकोले बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०४,६३० |

९२ **मुअ कर दाखिला -** पालिकाले विभिन्न ३ खोलाबाट रु.३०८१२८ मुअकर सहित जम्मा रु.२६७८३४३ राजस्व नदिजन्य पदार्थ उत्खनन् कार्यबापत संकलन गरेको छ । आय ठेक्का लगाउँदा मुल्य अभिवृद्धिकर ऐन २०५२ दफा १५(३) अनुसार संकलित मुअकर असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्नेमा पालिकाले लेखापरीक्षण अवधिसम्म दाखिला गरेको नदेखिएकोले संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| सि नं | ठेक्का विवरण | संकलित मु.अ.कर रकम |
|---|---|---|
| १ | छौडिया खोला-पुँवारे खोला-त्रियुगा खोला ठेक्का | २०८४६० |
| २ | राकुली खोला ठेक्का | ५५०४८ |
| ३ | रसुवा खोला -खारी खोला | ४४६२० |
| **जम्मा** | | **३०८१२८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०८,१२८ |

९३ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक आय व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

- पालिकाभित्रका ८ वटै वडाले आय सकंकलन गरेतापनि कुनै पनि वडाले समयमा राजस्व दाखिला गर्ने नगरेको तथा पालिकलाे ति वडाको आम्दानी वडागत रुपमा दाखिला गर्न नसकेको र सुत्रमा अभिलेख समेत राखेको छैन ।
- आम्दानी खाताको विवरणबाट वडा नं ७ मा आ व को सुरु देखि आश्विन ९ सम्मको जम्मा आम्दानी रु.९११८१ देखिएता पनि पालिकाको बैंक खाता रहेको प्रभु बैंको खाता नं २१५०१५२३९६००००३५ मा २०७९।६।९ मा जम्मा एकैपटक रु.६७५० मात्र जम्मा गरेको छ । आर्थिक कारोबारलाई बैंकिङ्ग प्रणालीमा लगिएको छैन ।
- सहज बैंकिङ पहुँच भएको वडाको पनि राजश्व महिनौं ढिला गरी दाखिला गर्ने गरेको र रसिद नियन्त्रण पुस्तिकामा फिर्ता आएको वा प्रयोग नभएको रसिदको विवरण प्रस्ट रुपमा उल्लेख गरेको देखिएन ।

साथै, ७ नं वडा कार्यालयको मिति २०८०।६।१ च नं ३१३ को पत्रानुसार ढुंगा, गिट्टी, बालुवा निकासा कर बापत अमानतबाट जम्मा रकम रु.६२३३० बराबरको रसिद काटी आम्दानी गरेकोमा त्यस्तो रकम

लेखापरीक्षणको अवधिसम्म पालिकाको खाता जम्मा नगरेको सम्बन्धमा औल्याएपश्चात वडा सचिव श्री भिमादेवी आचार्यबाट दाखिला भै आएको छ ।

सैद्धान्तिक बेरुजु

९४ **सहज नेपालसँग साझेदारी -** रौतामाई गाउँपालिका र स्वीस कन्टयाक्ट नेपाल बिच २०२२ जुन १८ देखी २०२३ जुन ३० सम्मको अवधिमा कृषि बजार विकास कार्यक्रम गर्ने गरी समझदारी भएकोमा पालिकाको विभिन्न ४ कम्पोनेन्टमा ४९.७० प्रतिशत र उक्त संस्थाको ५०.३० प्रतिसत लागत साझेदारी गर्ने व्यवस्था छ । उक्त समझदारी पछिल्लोपटक २८ जुन २०२३ सम्म नविकरण भएको प्राप्त कागजातबाट देखिएको छ । कुल रु.६७४००५० परिचालन गर्ने गरी भएको यस समझदारीमा पालिकाको रु.३३५०००० र सहज नेपालको रु.३३९००५० बजेट खर्च गर्ने लक्ष्य राखिएको यस कार्यक्रमका सन्दर्भमा प्रस्तावना, संस्था छनौट प्रक्रिया सम्बन्धमा परियोजनाको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का व्यवस्था पालना भएको छैन । पालिकाले मिति २०७९।९।४ मा खरिद सम्झौता भएको पोर्टल खरिद कार्यक्रममा भौ न ११५-११।३ बाट ड्रिम वर्ल्ड सलुसनलाई अनलाईन कृषि पोर्टल खरिदका लागि रु.२९७४७२ भुक्तानी गरेको लगायत अन्य कार्यक्रम सञ्चालन भएको देखिएको छ । उक्त कार्यक्रममा जनशक्ति र उपलब्ध श्रोतको उपयोग मुलत तलव भत्ता लगायत प्रशासनिक खर्चमा भएको देखिएको, माघ १ देखी डोर हाजिरका आधारमा खर्च लेखेको र पालिकाका १६ वटै वडामा कार्यक्षेत्र रहेको देखिएको छ । अतः उपलब्ध श्रोतको उच्चतम उपयोगका लागि कार्यक्रमको निरन्तरता सम्बन्धमा पालिकाले उपलब्धी मुल्यांकन, विश्लेषण र क्रियाकलापगत लक्ष्य प्रगति सहित विश्लेषण पश्चात मात्रै आवश्यक निर्णय लिनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

९५ **औधोगिक ग्राम भवन**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.**२२,१८५.९।**- सम्परीक्षण गरिएको ।)

९६ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले जग्गा भाडामा लिई फोहोर थुपार्ने गरेको, पालिकाको १ ट्र्याक्टर, १ सवारी चालक र डोर हाजिरमा सहयोगी परिचालन गरी फोहोर संकलन कार्य गर्ने गरेको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९७ **मिडिया सम्बद्ध खर्च -** नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । सञ्चारसँग सम्बन्धित अनुसूचीमा संलग्न विवरण बमोजिम मुख्य २७ मिडिया सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु.१३९०३६० खर्च भएको देखिएको छ । यसप्रकारको खर्चको मात्रा अत्यधिक रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ९७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९८ **गरिबी निबारणका लागि लघु उध्यम**

.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.२७०००।- सम्परीक्षण गरिएको ।)

९९ **अनुदान/वितरण अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च गरेको छ :

| क्रस | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | दर्तारहेका बंगुर पालक फर्महरुलाई स्तर उन्नती तथा खोर सुधार अनुदानको २५ प्रतिशत रकम | २६६६७३. | २६६६७३. |
| २ | दर्तारहेका बाखा पालक फर्महरुलाई स्तर उन्नती तथा खोर सुधार अनुदानको २५ प्रतिशत रकम | २६६६७३. | २६६६७३. |
| ३ | बंगुर पालनफार्महरुलाइ स्तरोन्नती तथा खोर सुधारमाअनुदान कार्यक्रम ७५ प्रतिशत अनुदान | ८०००००. | ७७२३४५. |
| ४ | बाखापालक समुह फार्म सहकारीलाई खोर सुधारमा अनुदान कार्यक्रम ७५ प्रतिशत | ८०००००. | ७९१२४१. |
| ५ | बाखापालक समुह फार्म सहकारीलाई वर्णशंकर जातको बोका खरिद अनुदान कार्यक्रम ७५ प्रतिशत | २५००००. | २२७४६८. |
| ६ | बाखापालक समुह फार्म सहकारीलाई वर्णशंकर जातको बोका खरिद अनुदान कार्यक्रमको २५प्रतिशत सहभागित | ८३३४६. | ८३३४६. |
| ७ | पोषणसुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूकोआयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | ६०००००. | ६०००००. |
| ८ | कुटन पिसन मिल वितरण ५० प्रतिशत अनुदान | ५०००००. | ४३०५००. |
| ९ | कृषि औजारउपकरण वितरण ५० प्रतिशत अनुदानमा | ५०००००. | ४५५०००. |
| १० | मोटरसहितको च्याफकटर वितरण कार्यक्रम ७५ प्रतिशत अनुदान | १५००००. | १३५७५०. |
| ११ | मोटरसहितको च्याफकटर वितरण कार्यक्रमको लागि सहभागिता बापतको २५ प्रतिशत अनुदान | ३००००. | ३००००. |
| १२ | उन्नतजातका तरकारीका मिनी किट वितरण कार्यक्रम | २०००००. | १९४३२०. |
| १३ | किशोरि तथाविपन्न घरधुरीका हजारदिने आमाहरुलाई पशुपंक्षी पालन स्थानिय जातको कुखुरा वितरण | १०००००. | ५००००. |
| १४ | खरको छानोबिस्थापित,जस्तापातावितरणकार्यक्रम | ७५०००००. | ७४०५४८५. |

| | | | |
|---|---|---|---|
| १५ | तरकारीउत्पादनका लागि टनेल प्लाष्टिक वितरण | ४०००००. | ३९११७८. |
| १६ | पशुपंन्छीलाईआवश्यक पर्ने मिनिरल ब्लक खरिद ढुवानीतथा वितरण कार्याक्रम | १०००००. | १०००००. |
| १७ | पशुपंन्छीलाईआवश्यक पर्ने मिनिरल ब्लक खरिद ढुवानीतथा वितरण कार्याक्रम | २५००००. | २४३२००. |
| १८ | माटोकोगुणस्तर सुधारको लागि कृषि चुन लगएत अन्य सुधारक वितरण | २५०००. | २३२००. |
| १९ | मोटरसहितको च्याफकटर वितरणको लागि २५प्रतिशत सहभागिता | २००००. | २००००. |
| २० | साधारणस्प्रेयर टंकी वितरण | १०००००. | ९५३९४. |
| जम्मा | | १२९४१६९ | १२५८१७७३. |

उपरोक्तानुसार यस आर्थिक वर्षमा पालिकाबाट बितरण भएको अनुदान एवं गत विगतमा भएका अनुदान कार्यक्रमको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत
० गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ६६ जनालाई औसत १०० दिनले ६६०० दिन रोजगारी उपलव्ध गराई रु.३८०८२०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **सामाजिक सुरक्षा**
१

१० सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त
१.१ गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको

नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन ।जसवाट पालिकाबाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन । उल्लिखित कमजोरीहरुमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० १.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष नेपाल मेगा इन्भेस्टमेन्ट बैंक र प्रभु बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकम रु.७९४५८५५६ ममध्ये रु.७३२६२८ फिर्ता भइ ७८७२५९२८ खर्च भएको पाइयो । यस सम्बन्धमा देखिएका अन्य विवरणहरु निम्नानुसार छनः

सैद्धान्तिक बेरुजु

१० १.३ **पारदर्शिता र जवाफदेहिता -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।
**सार्वजनिक सुनुवाई -** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

सैद्धान्तिक बेरुजु

१० १.४ पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरीक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छः

| क्र.सं. | विवरण | प्रथम त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेश्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | औसत संख्या | रकम |
| १ | जेष्ठ नागरिक अन्य | १२३८ | १३६१०६४० | १२३८ | १४५५१४०४ | १२३३ | १४६४५५६५ | १२७३ | १४६२१६४३ | १२४६ | ५७४२९२५२ |
| २ | जेष्ठ नागरिक दलित | ९७ | ७५२७८० | ९६ | ७६६०८० | ९६ | ७६०७६० | १०४ | ७९८००० | ९९ | ३०७७६२० |
| ३ | जेष्ठ नागरिक एकल | १४८ | ११४६४६० | १५० | ११८९०२० | १४९ | ११८९०२० | १४८ | ११७०४०० | १४९ | ४६९४९०० |
| ४ | विधवा | २५२ | १९८७०२० | २५८ | २०४०२२० | २६७ | २१०९३८० | २६४ | २०७७४६० | २६१ | ८२१४०८० |
| ५ | पूर्ण अपाङ्गता(क वर्ग) | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३९ | ४४९३५७ | ३९ | ४६६८३० | ३९ | १८४९८४७ |
| ६ | अति अशक्त(ख वर्ग) | ८९ | ५५९६६४ | ९० | ५६१७९२ | ९७ | ६१९२४८ | १०२ | ६३४१४४ | ९४ | २३७४८४८ |
| ७ | दलित बालबालिका | २२३ | ३४१९९१ | २२६ | ३४५९५२ | २२९ | ३४९९९० | २२८ | ३५०३७१ | २२७ | १३८८३०४ |
| **जम्मा** | | **२०८६** | **१८८६५३८५** | **२०९७** | **१९९२१२९८** | **२११०** | **२०१२३३२०** | **२१५८** | **२०११८८४८** | **२११५** | **७९०२८८५१** |

सैद्धान्तिक बेरुजु

१० १.५ आ.व.२०७८/ ७९तथा २०७९/८० मा सामाजिक सुरक्षा भत्तामा आबध्द सेवाग्राहीहरुको को औषत संख्या निम्नानुसार छः

| विवरण | आ.व.२०७८/ ७९ | आ.व २०७९/ ८० | मासिक भत्ता रकम दर |
|---|---|---|---|
| जेष्ठ नागरिक अन्य | ९४६ | १२४६ | ४००० |
| जेष्ठ नागरिक दलित | १०० | ९९ | २६६० |
| जेष्ठ नागरिक एकल | १६१ | १४९ | २६६० |
| विधवा | २०४ | २६१ | २६६० |
| पूर्ण अपाङ्गता(क वर्ग) | ३२ | ३९ | ३९९० |
| अति अशक्त(ख वर्ग) | ७१ | ९४ | २१२८ |
| दलित बालबालिका | १८९ | २२७ | ५३२ |
| **जम्मा** | **१७०३** | **२११५** | |

सैद्धान्तिक बेरुजु

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | पालिकाले आ व २०७८।७९ मा ठे नं १६।०७८।७९ को खरिद सम्झौतामार्फत स्टील पाट्‌र्स एण्ड फेब्रिकेशन आपूर्तिका लागि २०७८।११।३ मा रु.१६१८६५५।८३ (मुअकर समेत) सम्झौता गरेकोमध्ये रु.९६३६०७ भुक्तानी दिएको र बाँकी रु.६५५०४८ आगामी आ व मा दिने गरि कार्यपालिकाले निर्णय | ०.०० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | गरेको छ । भौ नं ८१-३।४ मार्फत संघीय सरकारबाट हस्तान्तरित पूंजीगत कार्यक्रमबाट भुक्तानी भएको छ । सघीय सरकारको सशर्त बजेटबाट भुक्तानी दिएको देखिएको यस रकम सम्बन्धमा समयमा रकम भुक्तानी र बजेट निकासाको व्यवस्था गर्नुपर्दछ । | |
| २ | सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गरी रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले औधोगिक ग्राम प्रशाहसनिक भवन निर्माणका लागि सीता कन्स्ट्रक्सनसँग सम्झौता गरी कार्यसम्पन्न भएको छ । उक्त संरचनाको उपयोग र व्यवस्थापन सम्बन्धमा औधोगिक ग्राम स्थापना गर्नका लागि प्रशासनिक भवन निर्माण भएकोमा स्थलगत अवलोकन गर्दा हाल उपयोग विहिन रहेको तथा उद्देश्य बमोजिम सञ्चालन हुने अवस्था नदेखिएकोले पालिकाको आय आर्जन व्यवस्था तथा रौतापोखरी पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने गरि वृहतर उपयोग गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | ०.०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : रौतामाई गाउँपालिका, उदयपुर , रौतामाई गाउँपालिका , उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शम्भु प्रसाद पौडेल | २०७९-५-१५ | |
| कार्यालय प्रमुख | जनक बस्नेत | २०७९-१२-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | योगेन्द्र राज गुरुङ्ग | २०७८-७-१४ | २०७९-५-२० |
| लेखा प्रमुख | भुपध्वज रायामाझी | २०७७-१२-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१०३,४६३.९ | १५,४७९,७८० | ४,४२८,६८५.१४ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २१,०११,९२९.०४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,५०१,९९९.०४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १६,५०९,९३० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८०५७६२२१.४९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३१५००१५९ | **चालु खर्च** | ३५५३१६७९९ |
| **प्रदेश सरकारबाट अनुदान** | १९२८७५४९ | **पूँजीगत खर्च** | २१८६४०८८५ |
| **राजश्व बाँडफाँट** | ८००४९५७५ | **वित्तीय/अन्य व्यवस्था** | १२३८७९१४६.३७ |
| **आन्तरिक आय** | ६२२०७१७.० | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | ११३३४०५३३.५१ | | |
| **कुल आय** | ६५०३९८५३३.५१ | **कुल खर्च** | ६९७८३६८३०.३७ |
| **बाँकी मौज्दात** | | ३३१३७९२४.६३ | |

**बेरूजु दफा ३५ सँग सम्बन्धित विवरण - अनुसूची -३**

**रौतामाई गाउँपालिका**

एकिकृत आय व्यय विवरण

आर्थिक वर्ष: २०७९/८०

| सि.नं | आयतर्फ | | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | | विवरण | रकम | कै. |
| १ | गत वर्षको जिम्मेवारी | | ८०५७६२२१.४९ | | १ | चालु खर्च | ३५५०९३६४५.४२ | ३५५०९३६४५.४२ |
| | क) संचित कोष | ७१२०५२७७.५ | | | २ | पूँजीगत खर्च | २१८६४०८८५. | २१८६४०८८५. |
| | ख) धरौटी खाता | ७३१५७१८.९९ | | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) विविध खर्च खाता/कोष | ५५२२५. | | | | क) ऋण भुक्तानी | | |
| | घ) प्रकोप व्यावस्थापन कोष | ० | | | | ख) ब्याज भुक्तानी | | |
| | ङ) कर्मचारी कल्याण कोष | २०००००० | | | | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ८६२७०२९२ | | ४ | लगानी | | |
| | क) आन्तरिक राजस्व | ६२२०७१७ | | | | ऋण लगानी | | |
| | ख) संघीय राजस्व बाँडफाँड | ७९५९९२८२ | | | | शेयर लगानी | | |
| | ग) प्रदेश सवारीसाधन कर | ४५०२९३ | | | | अन्य लगानी | | |
| | घ) अन्य आय + .................... | | | | ५ | विभिन्न कोषतर्फको खर्च | | १८१५८४८. |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४३१५००१५९ | | | क) विविध खर्च खाता/कोष | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९९७१५००० | | | | ख) प्रकोप व्यावस्थापन कोष | ०. | |
| | ख) सशर्त अनुदान | २९३५२९०७१ | | | | ख) धरौटी फिर्ता | १८१५८४८. | |
| | ग) समपूरक अनुदान | २८६२५३४२ | | | ६ | अन्तर स्थानीय तहतर्फ खर्च | | ९८५९८३५६ |
| | घ) विशेष अनुदान | ९६३०७४६ | | | | क सामाजिक सुरक्षा | ७९३९८५५६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १९२८७५४९ | | ७ | ख) गरिव संग विश्वेश्वर | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | ५०१९८८३ | | | | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | १४२००००० | |
| | ख) सशर्त अनुदान | ७६०१००० | | | | घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ४९९९८०० | |
| | ग) समपुरक अनुदान | ६६६६६६६ | | | ८ | अनुदान फिर्ता | | २२११३०८१.२३ |
| | घ) विशेष अनुदान | ० | ० | | | क) संघीय सरकार तर्फ फिर्ता | १८५०४७८५.२३ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ९८५९८३५६ | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | ३६०८२९६. | |
| | क सामाजिक सुरक्षा | ७९३९८५५६ | | | | मौज्दात | | ३३१३७९२३.६३ |
| | ख) गरिव संग विश्वेश्वर | ० | | | ९ | क) सञ्चित कोष खाता | १५१७९६१५.९५ | |
| | ग) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम | १४२००००० | | | | ख) चालु खर्च खाता बाट संचितकोषमा सारेको | २९७७५९३.०३ | |
| | घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ४९९९८०० | | | | ग) पुजिगत खर्च खाताबाट संचितकोषमा सारेको | ११६९००५.११ | |
| ६ | अन्य | | ५६३७१०४ | | | घ) चालु र पुँजिगत खाताको बैंक स्टेटमेन्ट अनुसार छुट | ३८९०. | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | | | | ङ) धरौटी खाता | ११८०७८१९.५४ | |
| | ख) सडक बोर्ड नेपाल | ४१३७१०४ | | | | च) प्रकोप व्यावस्थापन कोष | ०. | |
| | ग) पर्यटन बोर्ड नेपाल | ० | | | | छ) विविध खर्च खाता/कोष | ०. | |
| | घ) जि.स.स. | १५००००० | | | | ज) कर्मचारी कल्याण कोष | २००००००. | |
| ७ | विभिन्न कोषतर्फको आय | | ७५३००५८.०५ | | ११ | जनश्रमदान मौज्दात | | |
| | क) विविध खर्च खाता/कोष | ४३०१९२.५ | | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | ० | ० | | | | | |
| | ग) धरौटी आय | ६३०७९४८.५५ | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | | |
| १० | जनसहभागिता (नगद) | ७९१९१७ | | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | अन्य विविध आय | | | | | | | |
| जम्मा | | ७२९३९९७३९.२८ | ७२९३९९७३९.२८ | | | जम्मा | ७२९३९९७३९.२८ | ७२९३९९७३९.२८ |

**बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण- अनुसूची -४**

**वितरणमुखी कार्यक्रम र योजना विवरण**

| क स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | तरकारी उत्पादनका लागि टनेल प्लाष्टिक वितरण | ४००००० | ३९११७८ |
| २ | उन्नत जातको हिउँदे धानको बिउ खरिद | १००००० | ९४३०० |
| ३ | अध्यक्षकप खेलकुद कार्यक्रम | ५००००० | ५००००० |
| ४ | ज्येष्ठ नागरिक अन्तरक्रिया तथा सम्मान कार्यक्रम | १००००० | १००००० |
| ५ | जनता उपचार सहयाता कोष स्थापना | १००००० | ८१००० |
| ६ | मागमा आधारित कृषि औजार उपकरण वितरण | ५००००० | ४५५००० |
| ७ | राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी दिवस मनाउने | १७००० | १७००० |
| ८ | राष्ट्रपति रनिङ्गसिल्ड खेलकुद कार्यक्रम | ९८००० | ९८००० |
| ९ | राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस सञ्चालन | १७०००० | १५५३४० |
| १० | उन्नतजातका तरकारीका मिनी किट वितरण कार्यक्रम | २००००० | १९४३२० |
| ११ | मागमा आधारीत विद्यालय तह अनुसार अतीरीत्त क्रियाकलाप कार्यक्रम | १५०००० | १४३१३४ |
| १२ | मागमा आधारित कुटन पिसन मिल वितरण | ५००००० | ४३०५०० |
| १३ | मोटर सहितको च्याफकटर वितरण कार्यक्रम | १५०००० | १३५७५० |
| १४ | उद्यमी महिलाहरुको प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम | २००००० | २००००० |
| १५ | जनता सँग उपाध्यक्ष कार्यक्रम (कार्यपालिकाको बैठको निर्णय अनुसार खर्च गरि गाउँसभाबाट अनुमोदन गर्ने) | १०००००० | ९७३८२० |
| १६ | जनता सँग अध्यक्ष कार्यक्रम (कार्यपालिकाको बैठको निर्णय अनुसार खर्च गरि गाउँसभाबाट अनुमोदन गर्ने) | १५००००० | ११९८६०१ |
| १७ | साधारण स्प्रेयर टंकी वितरण | १००००० | ९५३९४ |
| १८ | राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी दिवस मनाउने | २३००० | २३००० |
| १९ | कृषि मेला प्रदर्शनी अवलोकन | ५०००० | ५०००० |

| | | | |
|---|---|---|---|
| २० | कृषि मेला प्रदर्शनी अवलोकन | ५०००० | ५०००० |
| २१ | पशुपंन्छीलाई आवश्यक पर्ने मिनिरल ब्लक खरिद ढुवानी तथा वितरण कार्याक्रम | १००००० | १००००० |
| २२ | अन्तर जिल्ला कर्मचारी र जनप्रतिनिधि कृषि अवलोकन भ्रमण | ७००००० | ३०००० |
| २३ | पशुपंन्छीलाई आवश्यक पर्ने मिनिरल ब्लक खरिद ढुवानी तथा वितरण कार्याक्रम | २५०००० | २४३२०० |
| २४ | विपद पूर्व तयारीको लागि ग्याविन जाली खरिद | ६००००० | ५९६७५३ |
| २५ | खानेपानी पाईप खरिद | ६००००० | ५८९८०३ |
| २६ | मोटर सहितको च्याफकटर वितरण कार्यक्रम | ३०००० | ३०००० |
| २७ | खानेपानी पाईप खरिद | ९२४२२७ | ९२४२२७ |
| २८ | जनतासँग अध्यक्ष कार्यक्रम थप | ५००००० | ४५१६५४ |
| २९ | जनतासँग उपाध्यक्ष कार्यक्रम थप | ३००००० | २४०००० |
| ३० | गाउँपालिकाको पहिचान झल्किने साँस्कृतिक तथा साङ्गित निर्माण कार्यक्रम | ४००००० | ३९९००० |
| ३१ | टनेल हजारी स्प्रे खरीद | १००००० | ९५७७४ |
| ३२ | वडाभरीका सडक मर्मत | ४००००० | ३८२२०१ |
| ३३ | मोटर सहितको च्याफकटर वितरण | २०००० | २०००० |
| ३४ | खानेपानी पाईप खरिद वडा नं. २ | ७५००० | ७२९५८ |
| ३५ | पाईप खरिद | ८८००० | ८८००० |
| ३६ | वडा भरी पाइप खरिद | ५०००० | ४९९०२ |
| ३७ | आबश्यक औषधी तथा मिनिरल ब्लक बितरण बितरण | ९५००० | ९५००० |
| ३८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २०००० | २०००० |
| **जम्मा** | | **१११६०२२७** | **९८०४८०९** |

**बेरूजु दफा ७० सँग सम्बन्धित विवरण- अनुसूची -५**
**बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण- अनुसूची -६**

हेभी ईक्युपमेन्ट प्रयोग अवस्था

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ६२।२०७९।९।१८ | भदौरे अरिथुम्का रानीवास मोटरबाटो नि उ स | भदौरे जरिथुम्का रानीवास मोटर बाटो निर्माण | ४८०००० | एक्साभेटर | ५२८६५९ |
| ८८।२०७९।१०।२३ | कालिमाटी बाह्रमासे सडक निर्माण उ स | कालिमाटी बाह्रमासे सडक निर्माण | ४७८०८६ | एक्साभेटर | ५२७५६२ |
| ९१।२०७९।१०।२३ | आहाले चिस्पा मोटरबाटो निर्माण मर्मत उपभोक्ता समिति | आहाले चिस्पा मोटर बाटो निर्माण मर्मत | ७६५९६३ | एक्साभेटर | ८४४३१३ |
| ९८।२०७९।१०।२५ | वडाभरीका सडक मर्मत उपभोक्ता समिति | वडाभरीका सडक मर्मत | ३८२२०१ | एक्साभेटर | ३७२९७५ |
| १०२।२०७९।१०।२९ | गोगुने रबुवा नचने धमिनि सडक मर्मत उ.स. | गोगुने रबुवा नचने धमिनि सडक मर्मत | १७७१६५५ | एक्साभेटर | ६१०३०८ |
| ११३।२०७९।११।०३ | टारखोला सडक निर्माण उ.स. | टारखोला सडक निर्माण | २८८००० | एक्साभेटर | ३२०९९५ |
| ११८।२०७९।११।४ | रामुटार फेदि सडक निर्माण उपभोक्ता समिती | रामुटार फेदि सडक निर्माण | ४७९८३६ | एक्साभेटर | ५३५३३७ |
| १३७।२०७९।११।१६ | जागिरभित्ता मान्के सडक निर्माण उ.स. | जागिरभित्ता मान्के सडक निर्माण | ४८०००० | एक्साभेटर | ४५०४६६ |
| १४३।२०७९।११।३० | जिरे हातिखर्क कोप्चे सडक निर्माण उ.स | जिरे हात्ती खर्क कोप्चे सडक निर्माण | ३८१८४७ | एक्साभेटर | ४२८९९५ |
| १४४।२०७९।१२।१ | डाङसिटार मझाैडाडा सडक निमाण याेजना उ स | डाङसिंटार मझौडाडा सडक निर्माण | ४०४२५८ | एक्साभेटर | ४४४६७८ |
| १४६।२०७९।१२।१ | कोप्चे टेकनपुर सडक निर्माण उ.स. | कोप्चे टेकनपुर सडक निर्माण | २८८००० | एक्साभेटर | ३२१३७२ |
| १७२।२०७९।१२।१० | जागिर भित्ता मान्कै सिरुवानी कृषि सडक निर्माण उपभोक्ता समिति | जागिर भित्ता मान्कै सिरुवानी कृषि सडक निर्माण | १०९००५६ | एक्साभेटर | १२११९७३ |
| २३५।२०८०।१।१७ | आहलडाडा खाेल्मे डाडाटाेल हुदै प्रा बि जानेबाटाे निर्माण उ स | आहालडाँडा खोल्मे डाँडाटोल हुँदै प्रा.वि. जाने बाटो निर्माण वडा नं. ८ | ९६०००० | एक्साभेटर | १०६९२०६ |
| २३१।२०८०।१।१५ | रातमाटे कुर्ले सडक निर्माण उ स | रातमाटे कुर्ले सडक निर्माण वडा नं. ५ | ७३५११० | एक्साभेटर | ८४९८७३ |
| **जम्मा** | | | | | **८५१५९१२** |

बेरूजु दफा ९७ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क स | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १. | क्रियटिभ मिडिया प्रिन्ट प्रा.लि. | २५०२३१. |
| २. | श्री त्रियुगा मिडिया एजेन्सी प्रा.लि. | ११९२३७. |
| ३. | सपोर्ट मिडिया प्रा.लि. | ८५१६४. |
| ४. | आवाज मिडिया एजेन्सी | ७२०२८. |
| ५. | इन्जो मिडिया सर्भिसेज प्रा. लि. | ५९१४०. |
| ६. | गढिमाई स्टार मिडिया | ५९१३९. |
| ७. | मोडर्न सोलुसन मिडिया एण्ड रिसर्च प्रा.लि. | ५६१९६. |
| ८. | दिक्षा मिडिया प्रा.लि. | ५६१९६. |
| ९. | रौतामाई मिडिया सोलुशन | ५५४८१. |
| १०. | जानकी मिडिया हव | ३८४१९. |
| ११. | श्री अमर मिडिया प्रा.लि. | २१२५०. |
| १२. | श्री खुलासा मिडिया | १९७००. |
| १३. | सोलुसन खबर मिडिया ग्रुप प्रा.लि. | १९२२५. |
| १४. | श्री पूर्बेली दर्पण मिडिया प्रा.लि. | १६७००. |
| १५. | अमुर्त मिडिया प्रा.लि. | १६२८३. |
| १६. | उपहार मिडिया ग्रुप प्रा.लि. | १४७७५. |
| १७. | एच. आर. मिडिया प्रा.लि. | १४७००. |
| १८. | चौदण्डीगढी मिडिया | १४६२५. |
| १९. | समानता मिडिया फाउन्डेशन प्रा.लि. | ९८५०. |
| २०. | बर्गदृष्टी मिडिया प्रा.ली | ७०९२. |
| २१. | मुलुकी खबर दैनिक पत्रिका | ४४३२५. |

| | | |
|---|---|---|
| २२. | कान्छो खबर डिजिटल पत्रिका प्रा.लि. | ३०९९०. |
| २३. | लोक मञ्जरी साहित्यिक पत्रिका | २९५०२. |
| २४. | अमुर्त रेडियो प्रा.लि. | २९६०१. |
| २५. | बरुवा टाईम्स दैनिक | १३९०२१. |
| २६. | त्रियुगा एक्सप्रेस दैनिक | १४६२७. |
| २७. | आशिका एण्ड अमर एडभरटाईजिङ्ग प्रा. लि. | ९६८६३. |
| **जम्मा** | | **१३९०३६०.** |